# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस विद्यमान बहुआयमिक इच्छा आकांक्षाले गर्दा सभ्यताको सुरु भन्दा पूर्व नै मानिसले संसारको एक ठाँउबाट अर्को ठाँउमा जाने क्रम सुरु गरिसकेका थिए । अहिले एक ठाँउबाट अर्को ठाँउमा जाने क्रम राष्ट्रिय परिधि नाघेर विश्वव्यापी समस्याको रूपमा खडा भएको छ । केही वर्षयता नेपालमा आन्तरिक बसाईसराई उल्लेखनिय ढंगबाट बढि रहेको छ । यसले कालान्तरमा पनि निरन्तरता दिई नै रहने विश्वास गर्न सकिन्छ ।

नेपालमा बसाईसराई गर्ने प्रवृत्ति पनि पुरानो नै हो । मानव समाजको सभ्यतालाई हेर्दा प्राचिन समाज एकदमै गतिशिल अवस्थाको देखिन्छ । मानवको प्रवृत्ति पनि गतिशिल हुन चाहन्छ । जसकारणले गर्दा मानव जाति प्राचिन सभ्यता देखि नै एक स्थानबाट अर्को स्थानसम्म विभिन्न समयको लागि विभिन्न उद्देश्यले सीमा भित्र वा सीमा बाहिर जाने जुन प्रक्रिया छ त्यसलाई बसाईसराई भनिन्छ । सभ्यताको विकास जस्तै बसाईसराईलाई पनि पुरानो गतिविधीको रूपमा लिईन्छ (थापा, २०६७) ।

मानवको ईतिहास जत्तिकै बसाईसराईको ईतिहास पनि पुरानो छ । ऐतिहासिक रूपमा होमो ईरेक्टस जाति अफ्रिकाबाट युरेसियातर्फ बसाई सरेका थिए भन्ने मानवशास्त्रीहरूको भनाई छ । होमोसेपिन्स जाति १५०००० वर्ष अघि अफ्रिका भरि फैलिसकेका थिए । अस्ट्रोसियनका पुर्खाहरू ८०००० वर्ष अघि चिनको मुख्य भूमिबाट हङ्कङ्ग बसाईसरेको अनुमान रहेको छ । हड्प्पा सभ्यताका मानिसहरू १७०० वर्ष पुर्व त्यहाँ बसाई सरेर आएको मानिन्छ । ग्रिक जाति ७५० वर्ष अघि युरोपभर बसाई सरेका थिए । आर्य जातिबसाई सरेर एसियामा आएको मानिन्छ । यहूदीहरूको सम्पूर्ण जातिईतिहासमा १०० औं वर्ष लगातार बसाई सरेका छन् । अमेरिका र अस्ट्रेलियाका देशहरू युरोपियन बसाईसराईको परिणाम स्वरूप बनेका छन् । मंगोलहरूको एक पटक एसियाको पुर्वी भागदेखि युरोपको पश्चिम भागसम्म साम्राज्य फैलिएको थियो । कम्बोडियामा रहेको हिन्दू सस्कृतिको वैभवपूर्ण अवशेषले विगतमा एसिया भरि हिन्दू संस्कृति फष्टाएको स्पष्ट हुन्छ ( ज्ञवाली र पौडेल, २०६७) । बसाईसराई प्रति अर्थशास्त्री र समाजशास्त्रीहरूको सुरुदेखि अध्ययन अनुसन्धानमा रूचि रही आएको

पाईन्छ। कुनै एउटा भौगोलिक क्षेत्र वा राजनैतिक क्षेत्रबाट अर्को भैगोलिक क्षेत्र वा राजनैतिक क्षेत्रमा बासस्थान परिवर्तन गर्ने प्रक्रियालाई बसाईसराई भनिन्छ। (सन् १९५९ एम डनल बजका अनुसार "बसाईसराई मानिसले आफ्नो आवश्यकता पूरा गर्न गरीने प्रक्रिया हो।" सामाजिक जीवनमा हुने सबै बासस्थान परिवर्तन बसाईसराई हुँदैन। बसाईसराई हुनको लागी परिभाषित समय पार गरेको र परिभाषित भौगोलिक वा राजनैतिक सीमाना नाघेको हुनुपर्दछ। बसाईसराई विकासको बरदान र अभिशाप दुवै हुन सक्छ। बसाईसराईले उद्गम तथा गन्तव्य स्थल दुवैमा सकारात्मक तथा नकरात्मक प्रभाव देखा पर्दछन्।

ईतिहासलाई हेर्नु पर्दा सन् १८१६ को सुगौली सन्धिपछी बसाईसराईमा अर्को प्रवृत्ति देखा पर्न थाल्यो। ब्रिटिश सरकारले ईष्ट ईन्डिया कम्पनीको तीनवटा रेजिमेन्टको गोर्खाली सेना भर्ना गर्न सुरु गरे। सुगौली सन्धि पश्चात् उल्लेखनीय रूपमा नेपालीहरू भारतको विभिन्न ठाँउहरूमा बसाईसराई गरेर गए। वि.सं. १९५० पछि पनि निकै धेरै नेपालीहरूले भुटान, भारतको दार्जिलिङ्ग, सिक्कीम, आसाममा गएर बसोबास गर्न थाले, त्यस ठांउमा जमिन सजिलैसंग उपलब्ध हुने भएकोले धरै नेपालीहरूले त्यस ठाँउमा गएर बसोबास गर्न थालेका छन्। विगतमा राणा प्रशासनले बि.सं.(१८४६-१९५०) मा नेपालका पहाडका बासिन्दा र भारतका बासिन्दाहरूलाई तराईमा बसोबास गराउने नीति लिएको थियो। तर यसको कार्यान्वयन पक्ष राम्रोसंग संचालन नभएकोले मानिसहरू विस्तारै पुर्व तिरको उदयपुर, सिन्धुली र पश्चिम तिरको दाङ्ग, देउखुरी जस्ता भित्री मधेशमा गएर बसोबास गर्न थाले ( थापा, २०६७) । चितवनमा औलो उन्मुलन भएपछि १९५० को दशकतिर त्यहाँ सरकारले पुर्नबासको योजना सुरु गऱ्यो। यसरी नेपालमा बसाईसराईको नयाँ अध्यायको सुरुवात भयो। औलो उन्मुलन भएपछि ठूलो मात्रामा नेपालको हिमाल र पहाडबाट मानिसहरू दक्षिणतिर जाने क्रम सुरु हुन थाल्यो। औलो उन्मुलन गरेपछि चितवनमा बसाईसराईको चाप अलि कम भयो। चिनले तिब्बतलाई आफ्नो अधिनमा लिएपछि उल्लेखनीय रूपमा तिब्बतीहरू शरणार्थीको रूपमा नेपाल प्रबेश गरे। नेपाल सरकारले तिनीहरूलाई शरणार्थी शिबिर स्थापना गरेर काठमाण्डौ र पोखरा उपत्यकामा बसोबास गर्न स्वीकृति प्रदान गऱ्यो। हाल आएर नेपालले भुटानी शरणार्थी समस्या भोग्नु परेको छ। यिनीहरू नेपालको पुर्वी

भागमा बसोबास गर्दछन् । यिनीहरूले गर्दा नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक साथै अन्य पक्षहरूलाई असर पारेको छ ।

सामाजिक स्तरमा परम्परागत समाज पछि नेपालमा बसाईसराईलाई राष्ट्रिय सीमानाको आधारमा (क) आन्तरिक बसाईसराई (ख) बाह्य बसाईसराई गरी २ भागमा वर्गीकरण गरीएको छ । नेपालको बसाईसराई प्रवृत्तिलाई कुनै ठाँउमा बसाईसराई कर्ताहरूको समय अवधिलाई ध्यानमा राखी बसाईसराईलाई बिस्तृत तबरबाट (क) मौसमी बसाईसराई (एउटै देशभित्र कम्तिमा ६ महिनासम्मको बसाईसराई ) (ख) अस्थायी बसाईसराई (६ महिनादेखी १ बर्षसम्मको बसाईसराई) (ग) अर्ध स्थायी बसाईसराई (१ बर्षदेखी ५ बर्षसम्मको बसाईसराई) (घ) स्थायी बसाईसराई (एउटै देशभित्र ५ बर्ष भन्दा माथिको बसाईसराई ) गरी ४ प्रकारले बर्गीकरण गरीएको छ (थापा, २०६७) ।

प्राकृतिक प्रकोप, आन्तरिक तथा बाह्य द्बन्द आदिका कारण हजारौ मानिसहरू बर्षेनी बसाईसराई गर्ने गर्दछन् । नेपालको सन्दर्भमा विगतको सशस्त्र द्धन्दका कारण हजारौ मानिसहरू विस्थापित भएका छन् । हाल शान्ति प्रकृया अगाडि बढेतापनि विस्थापितहरू अझै धेरै अलपत्र परेका छन् । तराईमा अझै पनि सशस्त्र द्वन्द्वले गर्दा विस्थापित हुने क्रम जारी छ । बसाईसराईका विभिन्न कारणहरू शिक्षा, स्वास्थ्य, तथा भौतिक पुर्वाधारको अभाव, रोजगारीको अवसर नहुनु, वातावरणीय प्रतिकूलता र भौगोलिक विषमता बसाईसराईका प्रमुख कारणहरू हुन । राज्य तथा निजी क्षेत्रले त्यस्ता क्षेत्रहरूमा लगानी गरी ग्रामिण स्तरसम्म विकास तथा अवसरहरू सृजना गर्न सके बसाईसराईलाई व्यवस्थित गर्न सकिन्छ। बसाईसराईले उद्गम स्थल र गन्तव्य स्थलमा फरक फरक असर पार्दछ। बसाईसराईको दर उच्च भए उद्गम स्थलमा काम गर्ने उमेरको तथा शिक्षित जनशक्तिको अभाव हुन्छ। जसले गर्दा विकासका कार्यक्रमलाई नै नकारात्मक असर पर्दछ। त्यस्ता कारण तथा परिणामहरूको लेखाजोखा गरी बसाईसराईको प्रकृयालाई व्यवस्थित बनाउन जनसङ्ख्या सम्बन्धी दिर्घकालीन योजनाको आवश्यकता पर्दछ। नेपालको आन्तरीक बसाईसराई आगामी दिनमा अझ बढ्ने देखिन्छ। जनसङ्ख्या बृद्धिदरमा कमि आए पनि बसाईसराई दरमा भने कमि आउने छैन । हालको अन्तर प्रादेशिक जनसङ्ख्या अनुपात र प्रादेशिक संरचनाले सन् २०२७ सम्ममा करिब ७० लाख मानिसहरूले बसाईसराई गर्ने देखिन्छ । बसाईसराईको अर्को महत्वपुर्ण पक्ष भनेको बाह्य बसाईसराई हो । नेपालबाट देश

बाहिर जाने र अन्य देशबाट विभिन्न कारणले नेपाल भित्रिने जनसङ्ख्या यो समूहमा पर्दछन् । खुल्ला सिमाना तथा आर्थिक, सामाजिक तथा साँस्कृतिक समानताले नेपाल भारत विच बाह्य बसाईसराई बढी देखिन्छ । त्यसै गरी शैक्षिक बसाईसराई पनि नयाँ प्रबृतिको बसाईसराई हो । यस्तो खालको अवस्थालाई हटाउनका लागि स्वदेशमा प्रशस्त अवसरहरू सृजना गर्नु पर्दछ (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०६७ ) ।

हाम्रो देश नेपाल जस्तो विकासोन्मुख देशको लागि बसाईसराई एक ठुलो समस्याको रूपमा देखा परेको छ । देश विकासको कार्यमा बसाईसराईले चुनौती दिईरहेको छ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असामान्य तवरबाट व्यक्तिहरूले बसाईसराई गरेर बसोबास गर्न थालेको कारणले पनि केहि हदसम्म वातावरण विगार्न मद्धत गरेको छ । बसाईसराईले मौलिक र गन्तव्य दुवै ठाँउको सामाजिक आर्थिक अवस्थालाई असर गर्दछ । किनकी आर्थिक, सामाजिक, धार्मिक र राजनितिक मूल्य र मान्यताद्वारा साधारणतया मानवले सजिलो र सुविधायुक्त जिवन यापन गर्न चाहन्छ । भौगोलिक भिन्नता, सामाजिक तथा आर्थिक अवस्था र साँस्कृतिक अभ्यासले गर्दा नेपालमा आन्तरिक बसाईसराईलाई निकै महत्व दिईएको छ । साधारणतया मानिसहरू हिमालबाट पहाड, पहाडबाट तराई, एक गाँउबाट अर्को गाँउ, गाँउ बाट शहर र सानो शहरबाट ठूलो शहरमा निरन्तर रूपमा चलायमान भईरहेका छन् । फलस्वरूप तराई क्षेत्रमा बसाईसराईको चाप अत्यधिक मात्रामा भईरहेको छ । पहाडी क्षेत्रले पनि केही हदसम्म बसाईसराईको चापको समस्यालाई भोग्नु परेको छ । बसाईसराई सम्बन्धी सरकार सँग स्पष्ट निति नभएको कारणले असंन्तुलित रूपमा मानिसहरूले बसाईसराई गरिरहेका छन् । जसको फलस्वरूप बसाईसराई बाट समाजमा बिभिन्न खालका समस्या सृजना भईरहेका छन् । नेपालमा अझ सम्म रितपूर्वक औद्योगिकरण र शहरीकरणको विकास भएको छैन । त्यसैले गर्दा गाँउबाट गाँउ, गाँउबाट शहर, शहर बाट शहरमा हुने आन्तरिक बसाईसराईले निरन्तरता पाइरहेको छ । यसरी बसाईसराईले मानव जीवनको बिभिन्न पक्षलाई असर पारेको छ ।

यसै विषयलाई मध्यनजर गर्दै नं. ६ प्रदेश अन्र्तगत सुर्खेत जिल्ला वी.न.न.पा. वडा नं. १० दिपनगर टोलमा पनि यसको प्रभावको अध्ययन गर्नु पर्ने अवस्था रहेको छ । यस अध्ययनमा सुर्खेत जिल्लाको आन्तरिक बसाईसराईको अध्ययन र विश्लेषण गरीएको छ ।

## १.२ समस्याको कथन

नेपाली समाजमा बसाईसराई एकदमै बृहत् रूपले बढिरहेको देखिन्छ। आम मानिसहरूले बसाईसराईलाई एकदमै तीव्र रूपमा अंगिकार गरेको देखिन्छ। हालको समयमा विभिन्न कारणले गर्दा मानिसहरू विभिन्न ठाँउमा स्थायी वा अस्थायी रूपमा बसाईसराई सरेर जाने गर्दछन्। यसरी हालको समयमा बसाईसराई गर्नु स्वभाविक भए पनि अनियन्त्रित र अव्यवस्थित बसाईसराईलाई राम्रो मान्न सकिदैन। यो प्रकृया हाल अनियन्त्रित र अव्यवस्थित रूपमा बढिरहेको छ। नेपालमा गाँउबाट शहरी क्षेत्रमा र पहाडबाट तराईमा हुने बसाईसराई उच्च रहेको तथ्यांङ्क अर्न्तगत सन् २०११ को जनगणना अनुसार कुल जनसंख्याको बसाइसराइको प्रतिशत २.६८ रहेको छ भने आन्तरिक बसाईसराईमा करिब ६८ प्रतिशत ग्रामीण क्षेत्रमा नै भएको देखिन्छ भने करिब ९४ प्रतिशत बसाईसराई कर्ताहरूको मूल स्थान ग्रामीण क्षेत्र थियो। त्यसैगरी ७१.७ प्रतिशतको गन्तव्य स्थान ग्रामीण क्षेत्र रहेको थियो भने २८.३ प्रतिशतको गन्तव्य स्थान शहरी क्षेत्र थियो भन्ने तथ्याङ्कले देखाँउछ। यस्तो खालको बसाईसराईले गर्दा विभिन्न खालका सामाजिक पक्षहरूमा सामाजिक, सांस्कृतिक, आर्थिक, सेवा, सुविधा, शिक्षा, स्वास्थ्य लगायतका अवस्थामा प्रत्यक्ष प्रभाव पारेको हुन्छ। कतिपय अवस्थामा मानिसहरू विभिन्न खालका प्राकृतिक प्रकोप लगायत विभिन्न पिडा र समस्याहरूले गर्दा बसाईसराईमा संलग्न हुन्छन्। यसले गर्दा मानिसहरू बसेको ठाँउमा विभिन्न समस्या, बाधा, र अभावहरू हुने गर्दछन्। जसमा बसाईसराई सम्बन्धी आकर्षण र विकर्षणका तत्त्वहरूले महत्त्वपूर्ण भूमिका खेल्दछन्। बसाईसराई सम्बन्धी विभिन्न खालका संघ संस्थाहरूले विभिन्न समयमा विविध खालका अध्ययन अनुसन्धान र सहयोगका विभिन्न कार्यक्रमहरू गरिरहेका छन्। तापनि विभिन्न खालका बसाईसराईका कार्यले गर्दा समाजमा सकारात्मक र नकारात्मक खालका असरहरू परिरहेका हुन्छन्। जसले गर्दा विभिन्न खालका सामाजिक, साँस्कृतिक, आर्थिक समस्याहरू पर्ने देखिन्छ।

यस्ता विभिन्न खालका बसाईसराई किन गरिन्छ, के कारणले गरिन्छ, यस्ता बसाईसराईले सामाजिक जनजीवनमा के कस्ता प्रभावहरू पर्दछन्, भन्ने कुराको अध्ययन एवं अनुसन्धान गर्न महत्वपुर्ण देखिएकोले गर्दा आन्तरिक बसाईसराईले समाजमा पार्ने विभिन्न खालका कुराहरूको गहन अध्ययन गरी यसको कारण, असर, अवस्था र प्रभावलाई अध्ययन एवं

अनुसन्धान गरी कसरी यस विषयलाई समाधान गर्न सकिन्छ ? कसरी आन्तरिक बसाईसराईलाई कम गर्न सकिन्छ भनी यस विषयमा अध्ययन गर्नु मुख्य दायित्वको रूपमा देखिएको छ ।

## १.३ अनुसन्धान प्रश्नहरू

बसाईसराईले गर्दा खेरी समाजमा विभिन्न खालका अवस्थाहरू सृजना हुने गर्दछन् । बसाईसराईको विषयमा गरीने अनुसन्धानले विभिन्न खालका अवस्थाहरूलाई समाधान गर्ने खालको हुनु पर्दछ । यस अर्न्तगत अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन् :

- मानिसहरू किन आन्तरिक बसाईसराई गर्दछन् ?
- आन्तरिक बसाईसराईले उनीहरूको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थामा के कस्तो प्रभाव पारेको छ ?

जस्ता ईत्यादि कुराहरू यस अनुसन्धानका केन्द्रिय प्रश्नहरू हुन ।

## १.४ अध्ययनको उद्देश्य

यस अनुसन्धानको उदेश्यलाई निम्न उपशीर्षकमा राखेर हेर्न सकिन्छ ।

### १.४.१ सामान्य उद्देश्य

नेपालमा आन्तरिक बसाईसराईले समाजमा पारेको प्रभावको अध्ययन गर्ने यस अध्ययनको सामान्य उद्देश्य रहेको छ । र यस अध्ययनको विशिष्ट उद्देश्य निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### १.४.२ विशिष्ट उद्देश्य

क) अध्ययन क्षेत्र दिपनगर टोलमा विभिन्न जिल्लाबाट भएको आन्तरिक बसाईसराईको कारण पत्ता लगाउनु ।

ख) अध्ययन क्षेत्र दिपनगर टोलमा भैरहेको आन्तरिक बसाईसराईले समाजमा पारेको प्रभावको विश्लेषण गर्नु ।

## १.५ अध्ययनको महत्त्व वा औचित्य

हालको समयमा मानविय जिवन एकदमै गतिशिल अवस्थामा रहेको छ। मानव जिवन एकै ठाँउमा रहि रहन सक्दैन। मानवका विभिन्न असिमित चाहना, ईच्छा, उद्देश्यका कारणले गर्दा मान्छेहरू गाँउबाट शहर, शहरबाट गाँउ लगायतका स्थानहरूमा बासस्थान परिवर्तन गरीरहेका हुन्छन। यस्ता खालका मानिसका असिमित चाहना एवं बाध्यताले गर्दा खेरी समाजमा बसाईसराईमा आकर्षण र विकर्षणका अवस्थाहरू पैदा हुने गर्दछन्। यि विभिन्न विषयमा विभिन्न समयमा विभिन्न व्यक्तित्वहरू, अनुसन्धान कर्ताहरू र संघ सस्थाहरूले पनि अध्ययन एवं अनुसन्धान गरीरहेको पाईन्छ। हाल नेपालमा १० ठूला शहरहरू स्थापनाको अवधारणा पनि यही हो।

यी विभिन्न कारणहरूले गर्दा आन्तरिक बसाईसराईको विषयमा अझ बृहत ज्ञान हासिल गर्न बसाईसराई सम्बन्धी तथ्याङ्क तयार गर्नु पर्ने देखिन्छ। त्यसैगरी अध्ययनबाट आन्तरिक बसाईसराईका कारण पत्ता लगाउनुपर्ने देखिन्छ। त्यसै गरी अध्ययनबाट आन्तरिक बसाईसराईले सामाजिक जीवनमा पारेको प्रभाव के छ ? सामाजिक, सांस्कृतिक, आर्थिक अवस्थामा यसले के असर पारिरहेको छ ? यसको समाजमा हालको अवस्था कस्तो खालको रहेको छ ? यसलाई कम गर्नका लागि भविष्यमा कस्ता खालका कार्यक्रमहरू गर्नु पर्ने देखिन्छ ? यसको लागि विभिन्न संघ संस्थाहरूले के कार्यक्रमहरू गर्नुपर्ने देखिन्छ ? यस आन्तरिक बसाईसराई सम्बन्धी अध्ययन गरी अनुसन्धानकर्ता, योजनाकार, निति निर्माण कर्ता, विधार्थी सरकारी क्षेत्र लगायत हरेक क्षेत्रको सहयोगबाट यस आन्तरिक बसाईसराई लाई व्यवस्थित गर्न भविष्यमा कस्ता खालका कार्यक्रमहरू गर्न सकिन्छ ? ईत्यादि कुराहरू अध्ययनको महत्वको रूपमा रहेको छ। हालको समयमा पहाड देखी तराईको वृहत आन्तरिक बसाईसराई लाई निस्तेज गर्न जुन नेपालका १० ठुला शहरको अवधारणा जस्ता अन्य विविध पक्षहरूको सृजना गरी अझ यस भन्दा उपर्युक्त कार्यक्रमहरू तयार गरी मानविय जनजिवनलाई भविष्यमा अझ व्यवस्थित बनाउने सवालमा यस अध्ययनको महत्व वा औचित्य मा यस अध्ययनले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

## १.६ अध्ययनको सीमा

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नका लागि विभिन्न प्रकृया र चरणहरू पूरा गर्नु पर्दछ। जसका लागि अध्ययनको सिमा निर्धारण गरिएको हुन्छ। तोकिएको सिमाभित्र रही गरीने अध्ययन र विश्लेषण कहिलेकांही अपुरो पनि हुन सक्छ। वा विश्लेषणमा पूर्ण विश्वस्त नहुन सकिन्छ। यो अध्ययन पनि सीमाविहिन अध्ययन होईन। यसका पनि केही सीमाहरू छन् जसलाई बुंदागत रूपमा तल उल्लेख गरीएको छ।

- यो अध्ययनमा सुर्खेत जिल्ला वी.न.न.पा. १० दिपनगर टोलमा सिमित गरीएको छ।
- यो अध्ययनमा वी.न.न.पा. १० दिपनगर टोलका मानिसहरूको सामाजिक, सास्कृतिक, आर्थिक पक्षमा केन्द्रित गरीएको छ।
- यो अध्ययनमा आन्तरिक बसाईसराईले पारेको प्रभावको बारेमा केन्द्रित छ।
- यो अध्ययनमा शैक्षिक प्रभावलाई पनि समेटिएको छ।
- यस अध्ययनमा वी.न.न.पा.१० दिपनगर टोलका ५०४ घरधुरी मध्ये १० प्रतिशत अर्थात ५० घरधुरीका परिवारहरूमा सिमित गरीएको छ।
- विगत ५ वर्ष देखी बसाईसराई गरेका मानिसहरूमा सिमित गरीएको छ।
- आन्तरिक बसाईसराईको कारण, अवस्था र प्रभावलाई विशेष रूपमा हेरीएको छ।
- बसाईसराई सम्बन्धी अध्ययन भएकोले बसाईसराई गरेर आएकाहरूको मात्र अध्ययन गरीएको छ।
- अध्ययन क्षेत्र बसाईसराई का बारेमा गुणात्मक तथा संख्यात्मक तथ्याङ्कहरू मात्र समाबेश गरीएको छ।
- अर्न्तराष्ट्रिय बसाईसराई र आप्रबासनलाई अध्ययनमा समाबेश गरीएको छैन।

अतः निश्चित समयावधिमा तोकिएका सीमाहरू भित्र रही यस अध्ययन, अनुसन्धान र विश्लेषण गरिएकाले विश्लेषणमा देखिने वा आउन सक्ने कमजोरी प्रति अनुसन्धानकर्ता सदैव सचेत छ। सकेसम्म विश्लेषणलाई वस्तुगत बनाउने प्रयास गरीएको छ भने कतिपय अत्यावश्यक तथ्याङ्कको अभाव, गोप्यता समेत राख्न खोजिएको छ। बजेट प्रविधी, अनुसन्धान सामाग्रीको अभावमा यो अनुसन्धान गरीएको छ।

# अध्याय दुई
# साहित्य पुनरावलोकन

यस अध्ययनलाई पूर्ण रूपमा सफल एवं सार्थक बनाउनका लागी यस अध्ययनसंग यस अगाडि तयार पारिएका शोधपत्रहरू लेखन तथा संरचनाहरूको अध्ययन गरी त्यसको पुनरावलोकनको सारलाई यस अध्ययन संग सम्बन्धित हुने गरी प्रस्तुत गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

### रेभिस्टाईनको बसाईसराई सम्बन्धी सिद्धान्त

बसाईसराईको बिषयमा खोजी गर्दै जाने क्रममा सन १८८५ मा बेलायतमा सम्पन्न भएका दुवै जनगणनाको तथ्याङ्कको तुलना गर्दै प्रसिद्ध विद्वान् Ernest George रेभिस्टाईनले बसाईसराई सम्बन्धी सिद्धान्तको प्रतिपादन गरे । Royal Geographic society का विद्वान् EG. Revenstein ले सन् १८८५ मा बेलायतको Journal of the statical society मा पठाएको लेखमा बसाईसराई का विभिन्न ७ वटा नियमहरू उल्लेख गरेका थिए जसलाई उनले Law of Migration नामाकरण गरेका थिए । जुन नियमलाई नै Revenstein को बसाईसराई को सिद्धान्त भनिन्छ । उनका नियमहरूमा अधिकांश बसाईसराई छोटो दुरीका लागि हुने गर्दछ । बसाईसराई कर्ता एकिकृत हुने क्षेत्र तिर जाँदा उनिहरूले खाली गरेको ठाँउलाई अन्य दुर्गम भेगका मानिसहरूद्वारा पुर्ति गरीन्छ । लामो दुरीको बसाई सर्नेहरूले ठुला शहर वा औधोगिक क्षेत्रतिर बसाई सर्नमा प्राथमिकता दिन्छन् । शहरि क्षेत्रमा बसोबास गर्नेहरू ग्रामीण क्षेत्रमा बसोबास गर्नेको तुलनामा कम बसाईसराई गर्दछन् ( थापा, २०६८) ।

बसाईसराईको सिद्धान्त अनुसार मौलिक थलो छाड्न र गन्तव्य स्थानमा पुग्न यथार्थ जानकारी गन्तव्य स्थानमा जानेहरूलाई भए तापनि गन्तव्य स्थानका बारेमा भने धरै हद सम्म उनीहरू अनविज्ञ नै हुन्छन् भन्ने धारणा रहेको छ । अतः बसाईसराईले अन्तिम रूप लिनु पुर्व थुप्रै आन्तरिक अवरोधहरू रहेका हुन्छन् । जसमा दुरी र यातायातको महत्त्वपूर्ण भूमिका हुन्छ । यो आधुनिक युगमा प्राविधिक तत्वहरूले बसाईसराईमा खासै प्रभाव पार्छन भन्न सकिदैन । किनकी यसको प्रभाव प्राय सवै स्थानमा हुन थालेको छ । त्यसैले

बसाईसराईका लागि व्यक्तिगत तत्वहरू नै अति महत्वपुर्ण मानिन्छन्। किनभने यी तत्वहरूले गर्दा नै मौलिक तथा गन्तव्य स्थानका बारेमा बुझि व्यक्तिहरूको मुल्यांङ्कन गरेर उनिहरू बसाई सर्न सफल हुन्छन्। व्यक्तिगत गुणमा रहेको भिन्नताकै कारणले बसाईसराईको निर्णयलाई कहिल्यै पनि पुर्ण विवेविकरण मानेका छैनन्। उनको विचारमा सम्पुर्ण बसाईसराई कर्ताहरू आफ्नै निर्णयमा बसाईसराई गर्दैनन् भन्ने धारणा रहेको छ (काफ्ले, २०६७)।

पुजिवादी सिद्धान्तअनुसार शिक्षाले बसाईसराई को रफ्तारमा प्रभाव पारेको हुन्छ। यो खासगरी शहरी क्षेत्रमा प्राप्त गर्न सकिने आवश्यकता वढी आम्दानीको अवसरको कारणले गाँउघरका शिक्षित जनताहरू शहरतिर बढी आम्दानी गर्नका लागि व्यक्तिगत हिसावले पनि बसाईसराई गर्न उत्सुक हुन्छन्।

ज्ञवाली र पौडेल (२०६७) का अनुसार बसाईसराईलाई विभिन्न प्रकारमा बर्गिकरण गरेका छन्। जसमा दैनिक सम्पर्क, दैनिक नोकरी, व्यवसाय वा अन्य कारणले हुने बसाईसराई, मौसमी बसाईसराई जुन प्रायः कृषि पेशा सँग सम्बन्धित हुन्छ। दिर्घकालिन वा स्थायी बसाईसराई चाही सम्पती सहितको बसाईसराई हुने गर्दछ। स्थानीय बसाईसराई जुन नोकरी वा ब्यापार व्यवसायका कारणले गर्दा हुने गर्दछ। क्षेत्रिय बसाईसराई एक देश भित्र क्षेत्रिय स्तरमा हुने बसाईसराई जस्तै : पहाड बाट तराईमा हुने बसाईसराई , ग्रामिण शहरी बसाईसराई जसले गर्दा विकासशिल देशमा शहरीकरण प्रक्रिया तिव्र हुन्छ। शहरी ग्रामिण बसाईसराई न्यून शहरीकरण विकसित देशहरूमा शहरी जीवन निर्वाह गर्न खर्च धेरै महङ्गो हुने हुँदा यस्तो बसाईसराई हुन्छ। अर्न्तराष्ट्रिय बसाईसराई जुन एउटै महद्विपमा पनि हुन सक्दछ भने अर्न्तमहाद्विपीय पनि हुन सक्दछ। समयको आधारमा र स्थानको आधारमा हुने बसाईसराई स्थायी र अस्थायी गरी दुई प्रकारमा विभाजन गरीएको छ। आन्तरिक र अर्न्तराष्ट्रिय बसाईसराई नै सबैभन्दा बढि मात्रामा बसाईसराई हुने गरेको पाईन्छ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

राना र थापा (१९७४) का अनुसार बसाईसराईको विषयमा तराईको खिच्ने तत्व भन्दा पहाडको घचेट्ने तत्व बढी प्रभावकारी भएको देखीन्छ। पहाडमा मानिसलाई मुख्य घचेट्ने

तत्व भनेको नै अत्यधिक बढ्दो जनसङ्ख्या, कृषियोग्य जमिनमा बढ्दो जनचाप, सीमित कृषि उत्पादन तथा अन्य श्रोत साधनको कमी नै हो । यस अध्ययनले समस्या समाधानको लागि पहाडी जिल्लाको विकासमा प्रयास तथा पुर्नवास योजनाको विस्तार गर्न उपयुक्त क्षेत्रको छनौट गरी विकास गर्न चाहिने उपयुक्त मिश्रीत रणनीतिको तर्जूमा गर्नुपर्ने सिफारिस गरेको छ (के.त.वि., २००३) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (२०६७) अनुसार बसाईसराईले जनसङ्ख्याको वितरणलाई विशिष्ट बनाएको हुन्छ । ति विविधताले जनसांङ्ख्यिक प्रकृयाहरूलाई पनि असर पुऱ्याई रहेको हुन्छ । भौगोलिक विविधता अनुसारको जनसङ्ख्याको विशेषताहरूलाई मनन गरी बनाईएका योजनाहरू यथार्थमा आधारीत हुन्छन र अपेक्षीत प्रतिफल पनि दिन सक्दछन् । जनसङ्ख्याको वितरण तथा चरित्रलाई आधार मानेर बनाईएका योजनाहरूले लक्षित वर्गहरूमा सेवा तथा सुविधा पुऱ्याउने हुँदा जनसङ्ख्याको वितरणको विश्लेषण हुन जरुरी हुन्छ । बसाईसराई, शहरिकरण र वातावरणीय श्रोत व्यवस्थापन आपसमा अर्न्तनिहीत हुन्छन् । यिनिहरूले एक अर्कालाई प्रभावित पारिरहेका हुन्छन् र सामुहिक रूपमा यिनिहरूले क्षेत्र विशेषको अवस्थालाई पनि झल्काउदछन् । बसाईसराई, शहरीकरण तथा वातावरणीय परिवर्तन जनसाङ्ख्यिक अवस्थाबाट प्रभावित हुन्छन र तिनिहरूले जनसङ्ख्याको विशेषता तथा वितरणलाई उत्तिकै असर पारिरहेका हुन्छन् । उदाहरणको लागि केहि दशक अगाडी सम्म धेरै न्युन भएको तराईको जनघनत्व हाल अत्यधिक बढ्नुले सोही कुराको पुष्टी गर्दछ । जनसङ्ख्याको भौगोलिक तथा प्रादेशिक वितरणमा मुख्यतः बसाईसराई, शहरिकरण, जनसङ्ख्या र वातावरण विचको सम्बन्धलाई विशेष जोड दिईने गरिन्छ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०११) नेपालमा बसाईसराईको प्रबृति हेर्ने हो भने १९६१ देखी २०११ सम्मको अवस्थालाई हेर्दा आन्तरिक बसाईसराई को प्रबृती दिन प्रतिदिन बढ्दो क्रममा रहेको छ । सन् १९६१ मा ४२२४०२ जना नेपालीहरूले देश भित्रै बसाईसराई गरेका थिए भने सन् १९७१ मा ४४५१२८ जनाले आन्तरिक बसाईसराईमा भाग लिएका थिए । यो तथ्याङ्क त्यस समयको समग्र जनसङ्ख्याको ३.९ प्रतिशत हुन आउँछ । त्यसैगरी १९८१ मा ९२९५८५ जना अर्थात कुल जनसङ्ख्याको ६.२ प्रतिशतले मानिसहरू आन्तरिक बसाईसराई मा संलग्न भएका थिए । यसरी उक्त दशकमा बसाईसराई को परिमाण १०८.८ प्रतिशत बढ्यो । सन् १९९१ मा आन्तरिक बसाईसराईको परिमाण सन् १९८१ को दाँजोमा ३२.१

प्रतिशतले बढ्यो । संख्यात्मक रूपमा बसाईसराईको प्रकृयामा सामेल भए । त्यसै गरी सन् २००१ मा अघिल्लो जनगणनाको तुलनामा ४०.६ प्रतिशतले बृद्धि भई कूल १७,२७,३५० जनाले आन्तरिक बसाईसराईमा सहभागिता जनाए । जुन जनसङ्ख्याको ७.५ प्रतिशत हुन आउछ ।

गुरुङ (१९८३) उहां भन्नुहुन्छ, बसाईसराई ले जनसङ्ख्याको गतिशिलतामा पार्ने महत्वबारे थाहा पाईन्छ । यसबाट आन्तरिक तथा बाह्य बसाईसराई बारे योजना तथा कार्यक्रम बनाउन सहयोग पुग्दछ । यस अध्ययनअनुसार तराई र पहाड विच विकास तथा श्रोत साधनमा भएको ठुलो क्षेत्रिय असमानता नै बसाईसराई को मुख्य कारण हो ।

के.सि. (१९८५) का अनुसार के.सि.ले ग्रामिण बसाईसराई का बारेमा सुक्ष्म तथा बृहत स्तरको अध्ययन गर्दा १९७१ को जनगणनाको तथ्याङ्कलाई आधार मानी ब्याख्या गरेका छन् । यसको वृहत तहको अध्ययन अनुसार तराईमा मुख्य बसाईसराई हुनुको कारक तत्व भनेकै कृषिबाट हुने आम्दानी तथा सिचाई योजना, पुर्नवास योजना जस्ता सरकारी कार्यक्रम उद्योगजन्य क्रियाकलाप आदी हुन । त्यसैगरी बसाईसराई सम्बन्धी सुक्ष्म तहको कारक तत्वलाई हेर्दा शिक्षा, उमेर, स्थानिय सामाजिक तत्व जस्तै : परिवार, नातागोता, अशक्तता आदी पर्न आउदछन् ।

NPC (1988) का अनुसार “नेपालको अन्तर क्षेत्रिय बसाईसराई एक समस्या र अवसर” नामक पुस्तकमा बसाईसराई बारेको ऐतिहासिक पक्षबारे यथेष्ट व्याख्या गरेको पाईन्छ । यसमा जनसङ्ख्याको बसाईसराई को प्रकृया मानव ईतिहास जतिकै पुरानो छ भनी उल्लेख गरीएको छ । मानिस तथा पुरै मानव समाजहरूले समेत श्रोतहरूको खोजिमा देश भित्र, अन्तर क्षेत्रिय तथा एक महादेश बाट अर्को महादेशमा समेत बसाईसराई सरेका छन् ।

सयुक्त राष्ट्र संघको बहुभाषिक जनसांख्यिक शब्दकोषका अनुसार बसाईसराई एक भौगोलीक क्षेत्रबाट अर्को भौगोलिक क्षेत्रमा सर्ने प्रकृया हो । जसमा प्राय जन्मेको ठाँउ वा उद्गम स्थलबाट बासस्थान सारेर लक्षित स्थान वा गन्तव्य स्थलमा गईन्छ (यु.एन., १९९०) ।

CEDA (1973) जनसङ्ख्याको आकार प्रकृति, कारण र परिणामहरू विश्लेषण गर्नका लागि जनगणना तथ्याङ्कमा छलफल गर्दा पहाडमा विकर्षण र तराईमा आकर्षण भएको कुरा सुझाबको रूपमा दिइयो । यसको विश्लेषण अनुसार पहाडबाट बसाईसराई गर्नुका कारण

पहाडको आर्थिक गरीबी देखियो। त्यसैगरी CEDA (1974) काठमाडौंमा पनि आन्तरिक बसाईसराईको अध्ययन गरियो यस अध्ययन अनुसार बसाईसराईको आधा भन्दा बढी प्रतिशत उमेर २०-३० वर्ष उमेरका थिए। यस अध्ययनको निष्कर्ष पनि बसाईसराईको मुख्य कारण आर्थिक अवधारणाहरू थिए।

बास्तोला (२००८) उनका अनुसार पोखरा उप-महानगरपालिका भित्र गरीएको बसाईसराई सम्बन्धी एक अध्ययनमा अनुसन्धान कर्ताले बसाईसराईको सामाजिक, आर्थिक कारण विषेशता र प्रभावको बारेमा अध्ययन तथा अनुसन्धान गरिएको थियो। उक्त अध्ययन वर्णनात्मक नमुना अध्ययन रहेको थियो। उक्त अध्ययनको निष्कर्षमा अन्य जिल्लाबाट ५६ प्रतिशत र अर्न्तगतमा ४४ प्रतिशत बसाईसराई पाईयो। त्यसैगरी अबसर प्राप्तीका लागि, बेरोजगारीको कारण, भौतिक सुविधा जस्ता तत्वलाई बसाईसराईको कारण मानिएको थियो।

झा (२०११) बसाईसराईमा कुनै पनि क्षेत्र भित्र बसाईसराईको परिणाम यस अर्न्तगत रहेका क्षेत्रहरूको विविधता अनुसार फरक फरक हुन्छ। बसाईसराईको परिणाम मानिसहरूको विविधता अनुसार भिन्न हुन्छ। जात जाति, धर्म, परम्परा, शिक्षा, आम्दानीका दृष्टिले मानिसहरूका बिच समानता रहेको स्थानमा बसाईसराई स्तर कम हुन्छ। बसाईसराईमा कडा नियन्त्रण नराखे सम्म बसाईसराईको परिणाम र बसाईसराई दर समय सँगसँगै बढ्दै जान्छ। बसाईसराईको परिणाम कुनै देश वा क्षेत्रको आर्थिक उन्नतीको अवस्था फरक फरक हुन्छ। विकशित देश वा क्षेत्रमा बसाईसराईको परिणाम उच्च हुन्छ। यसको विपरित कम विकसित देश वा क्षेत्रमा बसाईसराईको परिणाम कम हुन्छ।

CNAS ले दार्चुलाको एउटा गा.वि.स. मा गरेको मानवशास्त्रीय अध्ययनमा बसाईसराईको कुरालाई Topology सँग दाजेर हेरेका छन् र बसाईसराई बारेमा एउटा ऐतिहासिक विश्लेषण गरेका छन् (दाहाल, राई र मोहन जोहोर्दा, १९७७)।

नेपालमा बसाईसराईको मुख्य कारण भनेको पहाडी क्षेत्रमा भएको गरीवी हो भनेर प्रकाश पारेका छन्। कृषि क्षेत्र बाहेक काम गर्ने अन्य कुनै गैह्र कृषि क्षेत्र नभएको कारण मानिसहरूको भविष्य विकासको बाटो बन्द देखिन्छ। त्यही कारणले पहाडका बहुसंख्यक मानिसहरू अत्यन्तै गरीवी जिवन विताउन बाध्य छन्। यही एउटा कारणले गर्दा पनि

पहाडी क्षेत्रमा बस्ने मानिसहरू रोजगारीको लागि दक्षिण समतल ईलाकातर्फ स्वदेश वा विदेश जहाँकही जाँन बाध्य भएका छन् (गुरुङ्ग र बुच्छमेन, १९७४)।

बालिके, क्याम्रोन र सुडेन (१९८६) उहां भन्नुहुन्छ, नेपालको प्रशासन तथा यातायात सुविधाको विस्तारले गर्दा स्थानिय नगर, पञ्चायत र स्थानीय गाँउबीच धैरै सुविधा विकास भएको छ। यहि कारणले गर्दा धैरै नगर पञ्चायत तथा व्यापारिक क्षेत्रहरू नजिकका गाँउ वस्तीका लागि बसाईसराईको लागि आकर्षक केन्द्र बन्न पुगेको छ।

# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अुसन्धानको ढाँचा

यस अध्ययन सर्वेक्षणलाई पुर्णता दिनका लागि प्रदेश नं. ६ को केन्द्र सुर्खेत जिल्लाको वी.न.न.पा.१० दिपनगर टोलको अवस्थालाई अध्ययन गरीएको छ। यसका लागि बर्णनात्मक अनुसन्धान ढाँचाका साथै संख्यात्मक तथ्याङ्कको प्रयोग गरिएको छ। यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क उद्देश्य मुलक नमुना छनौट विधि द्वारा संकलन गरीएको छ। आवश्यक तथ्याङ्क संकलनका लागि प्रत्यक्ष उपस्थिती रही अन्तरवार्ता सुचिहरूको माध्यमबाट र तथ्याङ्कलाई अनुसन्धान कर्ताद्धारा विश्लेषण गरीएको छ।

## ३.२ अनुसन्धानको क्षेत्र छनौटको औचित्य

प्रदेश नं. ६ को केन्द्र सुर्खेत जिल्ला, भेरी अञ्चलको केन्द्र राजधानी समेत रहेको छ। भौगोलिक अवस्थितिका हिसावले यो जिल्ला २८$^{\circ}$३१' २.९" उत्तर र ८१$^{\circ}$४६'४३.३" पुर्व सम्म फैलीएको छ । यसको क्षेत्रफल २४५१ बर्ग कि.मी. रहेको छ। यस जिल्लाको पूर्बमा सल्यान र जाजरकोट, पश्चिममा अछाम र कैलाली , उत्तरमा दैलेख र दक्षिणमा बर्दिया जिल्ला रहेको छ।

सुर्खेत जिल्ला वी.न.न.पा.१० दिपनगर टोललाई अध्ययनको क्षेत्र तोकिएको छ। यस अध्ययन क्षेत्रमा हालको अवस्थामा छिमेकी जिल्लाहरू बाट प्रशस्त मात्रामा बसाईसराई गरेकोले उक्त क्षेत्रमा आन्तरिक रूपमा बसाईसराईको वर्तमान अवस्था, प्रभाव र बसाईसराई को कारण पत्ता लगाई न्युनिकरण गर्नका लागि यस अध्ययन क्षेत्रलाई छनौट गरीएको छ।

## ३.३ समग्रता र नमुना छनौट

सुर्खेत जिल्लाको सदरमुकाम स्थित वी.न.न.पा.१० दिपनगर टोलमा रहेका ५०४ घरधुरी (क्षेत्र कार्य अध्ययन, २०७५) का स्थानीय जनताहरूलाई विगत ५ वर्ष यता बसाई सरेका व्यक्तिहरूबाट ५० घरधुरिलाई समावेश गरी आन्तरिक बसाईसराई लाई अध्ययन गर्नका लागि नमुना छनौट विधि प्रयोग गरी ५० घर धुरीलाई नमूनाको रूपमा छनौट गरीएको छ,

भने उत्तर दाताहरू दैवीय नमुना छनौट गरी तिनीहरूबाट प्राप्त सुचना तथ्याङ्कलाई विश्लेषण गरीएको छ ।

### ३.४ तथ्याङ्क संकलनका श्रोतहरू

यस अध्ययनमा प्रयुक्त आवश्यक तथ्याङ्क सुचना तथा जानकारीहरू निम्न श्रोत र विधिबाट प्राप्त गरीएको छ ।

#### ३.४.१ प्राथमिक श्रोत

प्राथमिक तथ्याङ्कको रूपमा यस अध्ययनमा आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि अन्तरवार्ता अनुसुचिलाई मुख्य सुचनादाताहरू संगको अन्तरवार्ता र सहभागी अवलोकन विधिलाई अपनाईएको छ । यस अन्तरवार्ता सुचिको सहयोगमा आमुने सामुने अर्न्तवार्ता विधी प्रयोग गरी तथ्याङ्क संकलन गरीएको छ । जसमा उक्त ठाँउको जनसङ्ख्याको वर्तमान अवस्था र बसाईसराईले पार्ने प्रभावको अवस्थाको बारेमा अन्तरवार्ता सुचि तयार गरी प्राथमिक श्रोतको रूपमा तथ्याङ्क संकलन गरीएको छ ।

#### ३.४.२ द्वितिय श्रोत

यस अनुसन्धानमा प्रयुक्त विभिन्न खालका बसाईसराई सम्बन्धी प्रतिवेदनहरू, विभिन्न संघ, संस्थाहरूले तयार पारेको प्रतिवेदनहरू, विभिन्न खालका प्रकाशनहरू, बसाईसराई अर्न्तगत आन्तरिक बसाईसराई अर्न्तगतका विभिन्न प्रकाशित पुस्तक, प्रतिवेदनहरू, लेख, जर्नल, ईन्टरनेटमा रहेका विभिन्न स्रोतहरूबाट समेत सुचना एवं तथ्याङ्कहरू तथ्याङ्कको द्वितिय श्रोतको रूपमा लिईएको छ ।

### ३.५ तथ्याङ्क संकलनका साधन र विधि

यस अध्ययनको उद्देश्य, श्रोत, साधन र समयावधीलाई मध्यनजर गरी तथ्याङ्क संकलनका निम्नलिखित साधन र विधीहरूको प्रयोग गरीएको छ ।

**प्रश्नावली**

अध्ययनको उद्देश्यलाई ध्यानमा राखी बसाईसराईको अवस्था, कारण, प्रभाव पत्ता लगाउन, विश्लेषण गर्न र भविष्यको लागि न्युनिकरण गर्नका लागि लक्षित समुहलाई उनीहरूको आफ्नै विचार आउने खालका तथ्यांङ्क संकलनका प्रश्नहरूलाई अनुसुचि- १ मा उल्लेख गरीएको छ ।

## ३.६ तथ्यांङ्क प्रस्तुतिकरण र विश्लेषण

तथ्यांङ्कलाई विश्लेषण र व्याख्या गर्न सहज हुने गरी आवश्यकता अनुसार तथ्याङ्क शास्त्रीय विधी, गणीतिय विधिका माध्यमबाट हिसाव निकाली तथ्याङ्कलाई विभिन्न शिर्षक उप शिर्षकहरूमा विभाजन गरी तालिका माध्यमद्धारा सरल सहज र बुझ्न सकिने गरी उक्त तथ्याङ्कलाई नेपालको राष्ट्रिय तथ्याङ्कसँग तुलना गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ३.७ नैतिक पक्षहरू

यस अनुसन्धानमा अनुसन्धान कर्ताले अनुसन्धानमा नैतिक पक्षहरूमा समेत यथेष्ट विचार पुऱ्याएको छ । खास गरी सुचना दाताहरूको गोपनियता, श्रोतहरूको उल्लेख एवं तथ्याङ्क विश्लेषण गर्दा आत्मगत नभई वस्तुगत विश्लेषणमा जोड दिईएको छ ।

# अध्याय चार

## आन्तरिक बसाईसराईका कारणहरू

अध्ययन अनुसन्धानको लागि वर्णनात्मक र विश्लेषणात्मक विधी प्रयोग गरिएको छ। अनुसन्धानमा वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाँचाको सहयोगबाट तथ्यांङ्कको प्रस्तुतीकरण र व्याख्या गर्न समेत सहयोगी हुन्छ। यस्ता तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण मार्फत बसाईसराईको अवस्था, कारण र प्रभावको बारेमा स्पष्ट रूपमा व्याख्या विश्लेषण गर्न सकिन्छ। यसैगरी वर्णनात्मक अनुसन्धान ढाँचा अन्तर्गत प्राथमिक र द्वितिय तथ्याङ्क संकलन बाट प्राप्त भएका आकडाबाट व्याख्या र विश्लेषण गरिन्छ। यसबाट बसाईसराई को अवस्था, बसाईसराईको कारण, शिक्षाको अवस्था, धार्मिक अवस्था, रोजगारी र पेशा लगायत अनुसन्धानको उद्देश्यसंग सम्बन्ध राख्दछ। अनुसन्धानकर्ताले अवलोकन, अर्न्तवार्ताबाट प्राप्त तथ्यांङ्कलाई उचित खालका तालिका, स्तम्भ चित्र, वृत चित्रमा प्रस्तुत गरिएको छ। यस अध्ययनमा मुख्य गरी आन्तरिक बसाईसराईलाई केन्द्रित गरिएको छ। यस अध्ययनबाट अध्ययन क्षेत्रको बारेमा प्रशस्त रूपमा बसाईसराईको वर्तमान अवस्था, बसाईसराईको कारण र प्रभावको बारेमा अध्ययनको लागि यो क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा लिईएको छ।


हालको समयमा नेपालमा बसाईसराई दर अति उच्च दरमा तिब्र गतिमा भईरहेको छ। मानव जाति विभिन्न सुःख सुविधा खोजिका लागि, रोजगारीका लागी, राजनीतिक, सामाजिक, सांस्कृतीक आकर्षण र विकर्षणका विविध कारणले गर्दा अलि विकसित ठाँउमा बसाईसराई गर्ने गर्दछन् जसले गर्दा भविष्यमा विभिन्न किसिमका समस्याहरू उत्पन्न हुन सक्दछन्। यस सम्बन्धी विभिन्न समाजशास्त्री, मानवशास्त्री, जनसङ्ख्याशास्त्री, अर्थशास्त्री, विभिन्न सरकारी र गैरसरकारी संस्थाहरूले विभिन्न अनुसन्धानकर्ता हरूलाई अनुसन्धानको लागि बिभीन्न क्षेत्र अध्ययन कार्यमा खटाई रहेको हुन्छन्। तर पनि अझै यस्ता समस्याहरू गहन रूपमा अध्ययन गरी विभिन्न नमुना छनौटको विधिहरूको प्रयोग गरी दैविक नमुना छनौट बाट छानिएका नमुना घर धुरिका परिवार माथी अन्तरबार्ता, अवलोकन र प्रश्नावली विधी, छलफल विधिको प्रयोगबाट तथ्याङ्क संकलन गरीएको छ। जसबाट विभिन्न प्राप्त निष्कर्षलाई प्रस्तुतीकरण र विश्लेषण गर्नका लागि निम्न खालका विभिन्न विधीहरू अपनाईएको छ।

## ४.१ बि.न.न.पा. बडा नं. १० को जनसांख्यिक बिश्लेषण

अध्ययन क्षेत्र बि.न.न.पा. बडा नं. १० को घरधुरी र जनसङ्ख्या विवरणलाई व्याख्या र बिश्लेषण गर्नका लागि तल उल्लेखित ग्राफ चित्रमा उल्लेख गरिएको छ ।

**चित्र नं. १**

**वि.न.न.पा. बडा नं. १० को घरधुरी र जनसङ्ख्या विवरण**




(श्रोत : राष्ट्रिय जनगणना २०६८)

अध्ययन क्षेत्र बी.न.न.पा. वडा नं. १० मानिएको छ । जसमा जम्मा घरधुरी २२४८ रहेको छ । माथिको तथ्याङ्क अर्थात स्तम्भचित्र अनुसार कुल पुरुषको संख्या १०२७ र महिलाको संख्या १२२१ गरी कुल जम्मा जनसङ्ख्या २२४८ रहेको छ । (राष्ट्रिय जनगणना, २०६८)

## ४.२ वी.न.न.पा.१० दिपनगर टोलको घरधुरी र जनसङ्ख्या विवरण

बि.न.न.पा. १० दिपनगर टोल लाई अध्ययन क्षेत्रको केन्द्रबिन्दुको रूपमा छनौट गरीएको छ। जसमा दिपनगर टोलमा रहेको जम्मा घरधुरी र जनसङ्ख्या विवरणलाई निम्न बमोजिमको तालिकाबाट ब्याख्या र बिश्लेषण गरीएको छ ।

### तालिका नं. १

### वी.न.न.पा.१० दिपनगर टोलको घरधुरी र जनसङ्ख्या विवरण

| जम्मा घरधुरी | पुरुष | महिला | जम्मा जनसङ्ख्या |
|---|---|---|---|
| ५०४ | १०२७ | १२२१ | २२४८ |

(श्रोत : सम्बन्धित वडा कार्यालय, २०७५)

यस अध्ययनमा क्षेत्रगत छनौट गरिएको बि.न.न.पा. १० दिपनगर टोलको जम्मा घरधुरी संख्या ५०४ रहेको छ। जसअर्न्तगत पुरुषको संख्या १०२७ र महिलाको संख्या १२२१ गरी जम्मा कुल जनसङ्ख्या २२४८ रहेको छ। यसै क्षेत्रको जम्मा ५०४ घरधुरीको १० प्रतिशत अर्थात् ५० घरधुरीमा अध्ययनलाई केन्द्रित गरिएको छ ।

## ४.३ थातथलो जिल्लाहरूबाट भएको बसाईसराई

बिभिन्न थातथलो जिल्लाहरूबाट अध्ययन क्षेत्रमा भएको बसाईसराई जिल्लागत रूपमा फरक फरक किसिमको रहेको छ। उक्त बसाईसराईको अवस्थालाई प्रस्तुतिकरण र विश्लेषण तलको तालिका अनुसार गरीएको छ।

### तालिका नं. २

### थातथलो जिल्लाहरू बाट भएको बसाईसराई

| सि.नं. | थातथलो जिल्ला | घरधुरी | प्रतिशत |
|---|---|---|---|
| १. | दैलेख | १५ | ३० |
| २. | जुम्ला | १० | २० |
| ३ | कालिकोट | ६ | १२ |
| ४ | सुर्खेत (विभिन्न गा.वि.स.बाट) | ५ | १० |
| ५ | मुगु | ४ | ८ |
| ६ | जाजरकोट | ३ | ६ |
| ७ | रुकुम | १ | २ |
| ८ | रोल्पा | १ | २ |
| ९ | डोल्पा | १ | २ |

| | | | |
|---|---|---|---|
| १० | बांके | १ | २ |
| ११ | बर्दिया | १ | २ |
| १२ | दाङ्ग | १ | २ |
| १३ | प्युठान | १ | २ |
| | जम्मा | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनमा विभिन्न थातथलो जिल्लाहरू बाट सुर्खेतको वी.न.न.पा.१० दिपनगर टोलमा भएको बसाईसराईको अवस्थालाई प्रतिनिधित्व गरेको छ। जसमा नमुनाको रूपमा ५० घरधुरी परिवार मध्ये नेपालका विभिन्न थातथलोजिल्लाहरू दैलेख, जुम्ला, कालिकोट सुर्खेतका विभिन्न गा.वि.स.हरू र मुगु जिल्लाबाट भएको बसाईसराई उच्च रूपमा रहेको छ। जसको मुख्य कारण आर्थिक र राजनीतिक कारण रहेको छ। कुल जम्मा नमुना ५० घरधुरी मध्ये बढी बसाईसराई दैलेखबाट १५ घरधुरी (३०%) सहित पहिलो, जुम्ला बाट १० घरधुरी (२०%) सहित दोश्रो र कालिकोटबाट ६ घरधुरी (१२%) सहित तेश्रो, सुर्खेतका विभिन्न गा.वि.स. हरू बाट ५ घरधुरी (१०%) सहित चौथो र मुगु बाट ४ घरधुरी (८%) सहित पाँचौ स्थानमा रहेको छ। यसैगरी यी बाहेक अन्य विभिन्न जिल्लाहरूबाट समग्रमा १० घरधुरी (२०%) आन्तरिक बसाईसराईको अवस्था रहेको छ।

## ४.४ बसाईसराईको कारण

अध्ययन क्षेत्रमा गरिएको अनुसन्धानबाट बसाईसराईको मुख्य कारकको रूपमा सामाजिक आर्थिक कारण, सास्कृतिक, राजनीतिक लगायत विभिन्न कारणहरूलाई निम्नानुसार व्याख्या र विश्लेषण गरीएको छ।

### ४.४.१ बसाईसराईको सामाजिक आर्थिक कारण

**तालिका नं. ३**

**बसाईसराईको सामाजिक आर्थिक कारण**

| सि.नं. | कारण | परिवार संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सुविधा | ३० | ६० | यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा |
| २ | रोजगारी | १२ | २४ | |
| ३ | व्यापार/समाजसेवा/विवाह | ८ | १६ | |
| जम्मा | | ५० | १०० | |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनमा बसाईसराईका विभिन्न कारणहरूमध्ये सुविधा, रोजगारी, शिक्षा, स्वास्थ्य, खाद्य, संञ्चार, मनोरञ्जन, राजनीतिक लगायत विभिन्न कारणहरू रहेका छन् । जसमा क्षेत्र कार्य अध्ययन बाट ३० (६०%) घरधुरी परिवारहरू यातायात, विद्युत, शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षा जस्ता सुविधाको खोजिका लागि बसाईसराई गरिएको पाईयो । १२(२४%) घरधुरी परिवारहरू विभिन्न रोजगारीका लागि बसाईसराई गरीएको पाईयो । त्यसैगरी ८(१६%) घरधुरी परिवारहरू अन्य विभिन्न विबाह, नातागोता, राजनीतिक आदी कारणले बसाईसराई गरीएको पाईयो ।

यसरी हेर्दा खेरी बसाईसराईको मुख्य कारणको रूपमा विभिन्न रोजगारी, शिक्षा, स्वास्थ्य, संञ्चार, र खाद्य जस्ता विविध सुविधाका लागि, बच्चाहरूको शिक्षाका लागि, बालबालीकाको उज्जवल भविष्यका लागि उच्च शिक्षा प्रदान गरी भविष्यमा दक्ष व्यक्ति निर्माण गरी रोजगारी र सुविधा प्राप्त गर्नका लागि मुख्य रूपमा बसाईसराई गरीएको पाईयो । त्यसै गरी अन्य बसाईसराईको कारणमा विबाह, विभिन्न नातागोता लगायत विविध कारणहरू रहेको पाईयो ।

### ४.४.२ थातथलो जिल्लाबाट वी.न.न.पा.१० मा बसाईसराई गर्नुका कारण

**तालिका नं. ४**

**थातथलो जिल्लाबाट वी.न.न.पा.१० मा बसाईसराई गर्नुका कारण**

| सि.नं. | कारण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक (रोजगारी, नोकरी ) | ३० | ६८ |
| २ | सामाजिक (बैबाहिक, आफन्तसँग बस्न, राम्रो भविष्यको लागि, साथी छिमेकी कारण) | १० | २० |
| ३ | प्राकृतिक | १ | २ |
| ४ | असुरक्षित | २ | ४ |
| ५ | अन्य आकर्षण (व्यक्तिगत शिक्षा, सन्तानको शिक्षा, स्वास्थ्य सुविधा, भौतिक सुविधा, नोकरीको आशा) | ८ | १६ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनअनुसार वी.न.न.पा. १० मा बसाईसराईको कारण जान्नका लागि आर्थिक, सामाजिक, प्राकृतिक, असुरक्षीत, अन्य आकर्षण र अन्य कारणहरू सम्बन्धी प्रश्नहरू तयार गरी सोधिएको थियो ।

५० घरधुरीमध्ये अर्थिक कारणले ३० (६८%) प्रतिशत, सामाजिक कारणले १० (२०%), प्राकृतिक कारणले २ प्रतिशत, गाँउमा असुरक्षाको कारणले ४ प्रतिशतले बसाईसराई गरेको पाईयो । त्यसैगरी अन्य आकर्षणको कारणले १६ प्रतिशत बसाईसराई गर्नु परेको कारण देखाएका छन् । मौलिक क्षेत्रबाट बसाईसराई गर्नेहरू मध्ये वी.न.न.पा.१० सुर्खेतमा राम्रो भविष्यको लागि नै बसाईसराई गरेको देखिन्छ ।

## ४.५ उमेर र लिङ्गको आधारमा बसाईसराईको अवस्था

उमेर र लिङ्गको आधारमा थातथलो जिल्लाहरूबाट अध्ययन क्षेत्रमा भएको उमेरगत बसाईसराईको अवस्थालाई हेर्दा निम्न बमोजिमको तालिकाद्वारा प्रस्तुतिकरण र विश्लेषण गरीएको छ ।

**तालिका नं. ५**

**उमेर र लिङ्गको आधारमा बसाईसराईको अवस्था**

| सि.नं. | उमेरगत बसाईसराई | पुरुष | प्रतिशत (%) | महिला | प्रतिशत (%) | जम्मा | प्रतिशत(%) |
|---|---|---|---|---|---|---|---|
| १ | ०-१४ वर्ष | ४० | १६ | ३० | १२ | ७० | २८ |
| २ | १५-५९ वर्ष | ९० | ३६ | ७० | २८ | १६० | ६४ |
| ३ | ६० वर्ष माथी | १० | ४ | १० | ४ | २० | ८ |
| जम्मा | | १४० | ५६% | ११० | ४४% | २५० | १००% |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

माथिको तालिका अनुसार अध्ययन क्षेत्रको ५० घरधुरी अर्न्तगतका महिला र पुरुष गरी जम्मा २५० जना ब्यक्तिहरूको विभिन्न उमेर लिङ्ग अनुसार अध्ययन क्षेत्रमा अध्ययन गर्दा ७० (२८%) ०-१४ वर्ष सम्मका व्यक्तिहरू जसमध्ये ४० (१६%) पुरुष र ३० (१२%) महिला रहेका छन् । यसै गरी १६० (६४%) जनता १५-५९ वर्ष भित्रका व्यक्तिहरू बसाईसराई गरेका छन् । जसमध्ये ९० (३६%) पुरुष र ७०(२८%) महिला रहेका छन् । यसैगरी २०(८%) जनता ६० वर्ष माथिका व्यक्तिहरू कम बसाईसराई गरेका छन् । जसमध्ये १० (४%) पुरुष र १० (४%) महिला रहेका छन् ।

यसैगरी यस तालिका को आधारमा देखिएअनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्या र तिनीहरूमा आश्रीत (बालबच्चाले ) वढी अर्थात १५-५९ वर्षका व्यक्तिहरू सवै भन्दा वढी १६०(६४%) बसाईसराई गरेको देखिएको छ । ६० वर्ष माथी अर्थात् जेष्ठ नागरीकहरूले आफ्नो जन्म थलो छाड्न सकेसम्म नचाहेको अर्थात कम बसाईसराई गरेको पाईयो ।

## ४.६ परिवारको प्रकार तथा बसाइसराई बीचको सम्बन्ध

परिवार भन्नाले एकै घरमा एक वा एक भन्दा बढी लोग्ने र स्वास्नी सँगसँगै बसोबास गरीरहेका र तिनिहरूको यौन सम्बन्धबाट जन्मीएका छोराछोरीहरू वा धर्म पुत्र, धर्म पुत्री वा प्रचलित सामाजिक रितिरिवाज एवं परम्पराअनुसार तिनिहरूसँग बसोबास गरिरहेका अन्य सदस्यहरूलाई बुझाउदछ। परिवारको प्रकारहरू : एकल परिवार र सयुक्त परिवार गरी दुई प्रकारको हुन्छ। अध्ययन क्षेत्रमा ५० घरधुरी परिवारलाई परिवारको प्रकारको बारेमा सोधिएका प्रश्नहरूबाट आएको तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६**

**परिवारको प्रकार तथा बसाइसराइ बीचको सम्बन्ध**

| सि.नं. | परिवारको प्रकार | परिवारको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ३० | ६० |
| २ | संयुक्त परिवार | २० | ४० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनबाट अध्ययन क्षेत्रमा बसाईसराईको अवस्थालाई हेर्दा ५० घरधुरीमा ३० (६०%) एकल परिवार अर्थात सानो परिवार र २० (४०%) सयुक्त परिवार अर्थात ठुलो परिवारहरू अध्ययन क्षेत्रमा बसोबास गरेको पाईयो। यसरी अध्ययन क्षेत्रमा बसाईसराईको दरलाई हेर्दा एकल खालको परिवारहरू बढी बसाईसराई गरेको पाईयो।

मुख्यगरी परिवारको प्रकार अर्न्तगत एकल परिवार र संयुक्त परिवार गरी २ प्रकारको परिवारको रूपमा परिवारलाई बिभाजन गरिएको छ। जसमा एकल परिवार भनेको संख्यात्मक रूपमा सानो खालको परिवार जसमा श्रीमान् श्रीमती र छोरा छोरी गरी सानो आकार भित्रको परिवारलाई एकल परिवार भनेर भनिन्छ।

त्यसैगरी संयुक्त परिवार भनेको एकल परिवार भन्दा बृहत खालको परिवारलाई बुझाउदछ। जस अर्न्तगत बाजे, बज्यै, बुवा, आमा, दाई, भाई, भाउजु, बुहारी, दिदी बहिनी, काका,

काकी, आदी लगायतको संयुक्त खालको ठुलोखालको परिवारलाई संयुक्त परिवार भनेर भनिन्छ। अध्ययन क्षेत्रमा पनि विभिन्न मौलीक जिल्लाहरूबाट भएको बसाईसराईमा तालिका अनुसार एकल परिवारको बसाईसराईको दर सबै भन्दा बढी अर्थात ५० घरधुरीमा ३० घरधुरी परिवार बसाईसराई गरेको देखिन्छ।

निष्कर्षमा हेर्दा एकल परिवारका उत्तरदाता परिवार संख्या सबैभन्दा बढी ३० अर्थात (६०%) बसाईसराई गरेको पाईयो।

## ४.७ जात र जनजातिको आधारमा बसाईसराईको अवस्था

बिभिन्न थातथलो जिल्लाहरूबाट अध्ययन क्षेत्रमा बिभिन्न जातजातिहरूको अवस्थालाई हेर्दा ब्राह्मण, क्षेत्री, मगर, नेवार, थारु, ठकुरी, कामी, सार्की, दमाई जातिहरूले बसाईसराई गरेको देखिन्छ। जसको अबस्थालाई ब्याख्या र बिश्लेषण तलको तालिका अनुसार गरिएको छ।

**तालिका नं. ७**

**जात र जनजातिको आधारमा बसाईसराईको अवस्था**

| सि.नं | जातजाती | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | १० | २० |
| २ | क्षेत्री | २२ | ४४ |
| ३ | मगर | ३ | ६ |
| ४ | नेवार | ३ | ६ |
| ५ | थारु | २ | ४ |
| ६ | ठकुरी | ५ | १० |
| ७ | दलित | ५ | १० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनबाट २२ (४४%) घरधुरी क्षेत्री जातिअध्ययन क्षेत्रमा बढी मात्रामा बसाईसराई गरेको देखिएको छ। ब्राह्मण जाति दोश्रोमा १०(२०%) घरधुरी अध्ययन क्षेत्रमा बसाईसराई

गरेको देखिएको छ । यसै गरी तेश्रोमा ५(१०%) घरधुरी ठकुरी जातीको बसोबास रहेको छ । त्यसैगरी ३(६%), ३(६%), २(४%),  र ५(१०%) गरी क्रमशः मगर, नेवार, थारु, र दलित अध्ययन क्षेत्रमा क्रमिक रूपमा बसाईसराई गरेको पाईयो ।

## ४.८ मासिक आम्दानीको आधारमा बसाईसराई

थातथलो जिल्लाहरूमा बसोवास गर्ने व्यक्तिहरूको मासिक आम्दानीको आधारलाई हेर्दा शहरको तुलनामा एकदमै न्युनखालको रहेको देखिन्छ । मौलिक क्षेत्र अर्थात ग्रामीण क्षेत्रको मासिक आम्दानीको ब्याख्या र बिश्लेषण तलको तालिका बमोजिम गरीएको छ ।

**तालिका नं. ८**

**मासिक आम्दानीको आधारमा बसाईसराई**

| सि.नं. | मासिक आम्दानी | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. १००० भन्दा कम आम्दानी गर्ने (ज्याला मजदुरी) | ३ | ६ |
| २ | रु.१०००-२००० आम्दानी गर्ने (खेतीपाती) | ५ | १० |
| ३ | रु. २०००-५००० आम्दानी गर्ने (पशुपालन) | १४ | २८ |
| ४ | ५०००-९००० आम्दानी गर्ने (नोकरी, व्यापार, व्यवसाय) | २८ | ५६ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनबाट २८ (५६%) घरधुरी परिवार ५०००-९००० मासिक आम्दानी गर्ने, १४(२८%) घरधुरी परिवार २००० -५००० मासिक आम्दानी गर्ने, ५(१०%) घरधुरी परिवार कम्तीमा मासिक १००० आम्दानी गर्ने देखिएको छ। यी सवै आम्दानीका श्रोत भनेको ग्रामिण क्षेत्रमा ज्याला मजदुरी, नोकरी, व्यापार, पशुपालन, उद्योगधन्दा, राडीपाखी, खेतिपाती लगाएत अन्य जिवन यापनका कुराहरू पर्दछन् ।

## ४.९ थातथलोसँग जग्गा जमिनको आधार सम्बन्ध

थातथलो जिल्लामा जग्गा जमिनको आधार सम्बन्धलाई हेर्दा बसाईसराई गर्ने ब्यक्तिहरूको जग्गा जमिनको स्थितीको ब्याख्या र बिश्लेषण तलको तालिका बमोजिम गरीएको छ ।

**तालिका नं. ९**

**थातथलोसँग जग्गा जमिनको आधार सम्बन्ध**

| सि.नं. | गाँउमा भएको जग्गा | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १-५ रोपनी | १५ | ३० |
| २ | ५-१० रोपनी | ३० | ६० |
| ३ | १० रोपनी भन्दा बढी | ५ | १० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

थातथलोसँग जग्गा जमिनको आधारमा सम्बन्ध भएको तालिका अनुसार नमुनाको लागि छनोट भएका ५० घरधुरी मध्ये १-५ रोपनी सम्म जग्गा हुनेहरूको संख्या १५(३०%) छ । ५-१० रोपनीसम्म जग्गा हुनेको संख्या ३० (६०%) रहेको छ । १० रोपनी र त्यो भन्दा बढी जग्गा हुनेको संख्या ५(१०%) रहेको छ ।

यसरी थातथलोमा जग्गा जमिन ५-१० रोपनी सम्म हुने संख्या ३०(६०%) छ । अर्थात बसाईसराई सर्नेहरूको जग्गा जमिन ५-१० रोपनी को विचमा रहेको धेरै घरधुरी पाईयो ।

## ४.१० थातथलोसँग नाताको आधारमा सम्बन्ध

अध्ययन क्षेत्रमा बसाईसराई गरेका ब्यक्तिहरूको थातथलो अर्थात् ग्रामीण क्षेत्रसंग नाता सम्बन्धको आधारलाई हेर्दा तल उल्लेखित तालिका अनुसार ब्याख्या र बिश्लेषण गरीएको छ ।

**तालिका नं. १०**

**नजिकको नातेदारीको आधारमा थातथलोसँग सम्बन्ध भएको परिवार संख्या**

| सि.नं. | नातेदारको वर्गीकरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आमा बाबु तथा दाई भाई (संयुक्त परिवार) | १५ | ३० |
| २ | दाई भाई मात्र (एकल परिवार) | २५ | ५० |
| ३ | कोही नभएको | १० | २० |
| जम्मा | | ५० | १०० |

(श्रोत : क्षेत्र कार्य अध्ययन २०७५)

थातथलोसँग नाता सम्बन्धको आधारमा सम्बन्ध हुनेहरूको अध्ययनअनुसार नमुनाको लागि छनौट भएको ५० घर परिवार मध्ये १५ घर परिवार अर्थात ३०% को बाबु आमा  र दाई भाई भएको संयुक्त परिवार पाईयो। त्यसैगरी २५ घरधुरी परिवार अर्थात ५०% को केवल दाजु भाई मात्र भएको एकल परिवार देखिएको छ। त्यसैगरी १० घर परिवार अर्थात २०% को नातागोताको सम्बन्धको आधारमा गाँउ अर्थात आफ्नो जन्मथलोसँग सम्बन्ध नभएको देखिएको छ।

### ४.११ वी.न.न.पा.१० दिपनगर टोलमा बसाईसराई गर्नेहरूको पेसा

अध्ययन क्षेत्र बि.न.न.पा. १० दिपनगर टोलमा बसाईसराई गरेका ब्यक्तिहरूको हालको पेसागत अवस्थालाई हेर्दा निम्न तालिका बमोजिमको अवस्था रहेको पाईयो।

**तालिका नं. ११**

**बसाईसराई गरेका व्यक्तिहरूको पेसा**

| सि.नं. | पेशा | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नोकरी | १८ | ३६ |
| २ | व्यापार | १० | २० |
| ३ | कृषी | ७ | १४ |
| ४ | श्रमिक | १० | २० |
| ५ | अन्य | ५ | १० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

माथिको तालिका अनुसार वी.न.न.पा.१० दिपनगर टोलमा बसाईसराई गरी विभिन्न पेसा गर्ने ५० घरधुरीमध्ये अत्यधिक रूपमा सानोतिनो नोकरी अर्थात रोजगारीमा सवै भन्दा बढी १८(३६%) भएको देखिन्छ। कुनै न कुनै किसिमको सानातिना व्यापार पेसा अपनाउने १०(२०%), कृषी पेशामा ७(१४%), श्रमिक पेसामा १०(२०%) र अन्य विभिन्न पेशामा ५(१०%) रहेको छ।

कुनै न कुनै किसिमको सानातिना व्यापार गर्नेको संख्या उल्लेख्य भएपनि उद्योग धन्दामा भने खासै संलग्न नभएको पाईयो। केही परिवारका सदस्यले २ वटा पेशा (श्रमिक र व्यापार) पनि गरेको र केही परिवारको घर भाडाबाट पनि आम्दानी हुने देखिएको छ।

## ४.१२ बसाईसराई कर्ताको शैक्षिक अवस्था

अध्ययन क्षेत्रमा बसाईसराई गरेका ब्यक्तिहरूको शैक्षिक अवस्थालाई हेर्दा निम्न तालिका बमोजिमको प्रस्तुति र व्याख्या बिश्लेषण गर्न सकिन्छ।

**तालिका नं. १२**

**बसाईसराई कर्ताको शैक्षिक अवस्था**

| सि.नं. | तह | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एस.एल.सी.देखी मुनी | २२ | ४४ |
| २ | एस.एल.सी. | १४ | २८ |
| ३ | प्रमाण पत्र तह | १० | २० |
| ४ | स्नातक तह देखी माथी | ४ | ८ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

शिक्षाको आधारमा अध्ययनअनुसार ५० घरधुरीमध्ये सवैभन्दा बढी बसाईसराई गरेका मध्ये एस.एल.सी. देखी मुनी २२(४४%), एस.एल.सी. गरेका १४(२८%), प्रमाण पत्र तह गरेका १०(२०%) र स्नातक तहदेखी माथी ४(८%) घरधुरी जनसङ्ख्या रहेको पाईयो। यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने बसाईसराई पश्चात अध्ययन क्षेत्रका मानिसहरूले एकदमै महत्वका साथ पठन पाठन गरेको पाईयो।

### ४.१३  अध्ययन क्षेत्रमा बसोबास गर्ने परिवारहरूले प्राप्त गरेका सेवा सुविधाहरू

अध्ययन क्षेत्रमा बसोवास गरेका व्यक्तिहरूले हालको अवस्थामा उक्त क्षेत्रमा प्राप्त गरेका सेवा र सुबिधाहरूको अवस्थाको बारेमा प्रस्तुती र ब्याख्या बिश्लेषण तल उल्लेखित तालिका बमोजिम गरीएको छ ।

**तालिका नं. १३**

**अध्ययन क्षेत्रमा बसोबास गरेका परिवारहरूले प्राप्त गरेका सेवा सुविधाहरू**

| सि.नं. | सुविधा | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उच्च शिक्षा | ५ | १० |
| २ | बच्चाको राम्रो स्कुल | १२ | २४ |
| ३ | अस्पताल नर्सिङ्गहोमको सुविधा | ८ | १६ |
| ४ | राम्रो रोजगार | १५ | ३० |
| ५ | संञ्चार | ५ | १० |
| ६ | यातायात | ५ | १० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

बसाईसराईका विभिन्न कारणहरू मध्ये शिक्षा, स्वास्थ्य, संञ्चार, रोजगार, यातायात, लगायतका मानविय आवश्यकताका कुराहरू मुख्य  रूपमा रहेका छन् ।

माथिको अध्ययनअनुसार अध्ययन क्षेत्रका ५० घरधुरीहरूले प्राप्त गरेका विभिन्न सेवा सुविधाहरू मध्ये राम्रो रोजगारीका लागि सवै भन्दा बढी १५(३०%) प्रतिशत, बच्चाको राम्रो शिक्षाको अवसरको लागि १२(२४%) प्रतिशत, अस्पताल नर्सिङ्गहोमको सुविधाको लागि ८(१६%) प्रतिशत, त्यसैगरी उच्च शिक्षा ५(१०%) प्रतिशत, संञ्चारमा ५(१०%) प्रतिशत, यातायातमा ५ (१०%) प्रतिशत घरधुरी जनसङ्ख्याले राम्रो सेवा सुविधाको अवसर प्राप्त गरेका छन् ।

## ४.१४ बसाईसराई गर्नेहरूको ऋणको अवस्था

मौलिक जिल्लाबाट अध्ययन क्षेत्रमा बसोवास गरेका व्यक्तिहरूको ग्रामीण क्षेत्र र शहरी क्षेत्रमा लिएको ऋणको अवस्थालाई हेर्दा तल उल्लेखित तालिका बमोजिम ब्याख्या र विश्लेषण गरीएको छ ।

**तालिका नं. १४**

**बसाईसराई गर्नेहरूको ऋणको अवस्था**

| सि.नं. | ऋण लिएको | परिवार संख्या | | | |
|---|---|---|---|---|---|
| | | गाँउमा | प्रतिशत | शहरमा | प्रतिशत |
| १ | संस्थाबाट | ५ | ३३.३३ | २८ | ८० |
| २ | साहुबाट | १० | ६६.६७ | ७ | २० |
| जम्मा | | १५ | १०० | ३५ | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

उल्लेखित तालिका अनुसार ५० घरधुरीमध्ये मौलिक जिल्लामा रहँदा ३३.३३ प्रतिशतले संस्था बाट र ६६.६७ प्रतिशतले साहु बाट ऋण लिएको पाईयो । त्यसैगरी अध्ययन क्षेत्र (शहर)मा संस्था बाट ८० प्रतिशत र साहु बाट २० प्रतिशत ऋण लिएको पाईयो । अध्ययन क्षेत्रमा ऋण लिनुको कारण साधारण घर खर्च चलाउन  थोरै ऋण र घर बनाउन वा मर्मत गर्न बढी परिमाणमा ऋण लिएको पाईयो ।

यस अध्ययनको आधारमा थातथलो क्षेत्र भन्दा अध्ययन क्षेत्रमा बसाईसराई गरेपछी ऋण लिनेको संख्या र ऋण परिमाण बढी भएको देखिन्छ ।

## ४.१५ भविष्यमा थातथलो फर्कने वा नफर्कने घर परिवार

अध्ययन क्षेत्रमा बसाईसराई गरेका व्यक्तिहरूको भबिष्यमा थातथलो फर्कने वा नफर्कने घरपरिवार संख्यालाई तल उल्लेखित तालिकामा ब्याख्या र बिश्लेषण गरिएको छ ।

**तालिका नं. १५**

**भविष्यमा थातथलो फर्कने वा नफर्कने घर परिवार**

| सि.नं. | फर्कने / नफर्कने सोच | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | फर्कने | १५ | ३० |
| २ | नफर्कने | २८ | ५६ |
| ३ | अनिश्चित | ७ | १४ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

अध्ययन अनुसार ५० घरधुरी मध्ये भविष्यमा थातथलो फर्कने सोच भएका १५ घर परिवार अर्थात् ३० प्रतिशत, नफर्कने सोच भएका ५६ प्रतिशत र अनिश्चित सोच भएका १४ प्रतिशत घरधुरी परिवार देखियो ।

निष्कर्षमा थातथलो भन्दा अध्ययन क्षेत्रमा भएका विविध सेवा सुविधाको प्राप्तिले गर्दा भविष्यमा थातथलो क्षेत्र नफर्कने सोच भएका घर परिवार संख्या सवैभन्दा बढी ५६ प्रतिशत देखियो ।

### ४.१६ अध्ययन क्षेत्रमा भएको सामाजिक जिवनस्तर परिवर्तनको अवस्था

अध्ययन क्षेत्र बि.न.न.पा. १० दिपनगर टोलमा बसाईसराई गरेका व्यक्तिहरूको सामाजिक जिवनस्तरलाई हेर्दा तल उल्लेखित तालिका बमोजिम व्याख्या र बिश्लेषण गरीएको छ ।

**तालिका नं. १६**

**अध्ययन क्षेत्रमा भएको सामाजिक जीवनस्तर परिवर्तनको अवस्था**

| सि.नं. | सामाजिक परिवर्तन | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य बृद्धि | २८ | ५६ |
| २ | धेरै बृद्धि | १५ | ३० |
| ३ | कुनैपनि बृद्धि नभएको | ७ | १४ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यसरी अध्ययन क्षेत्रमा मानिसहरू थातथलोबाट आफनो असिमित इच्छा र उद्देश्यका साथ प्रवेश गरे पश्चात जीवनस्तर परिवर्तनको अवस्थालाई तालिकामा हेर्दाखेरी सामान्य बृद्धि भएको ५६ प्रतिशत, धरै बृद्धि भएको ३० प्रतिशत र कुनै पनि बृद्धि नभएको १४ प्रतिशत घरधुरी परिवार संख्या देखियो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने अध्ययन क्षेत्रमा बसोबास सरेर आएकामध्ये उनीहरूको जीवनस्तर सामान्य बृद्धिमा एकदमै बढी अर्थात ५६ प्रतिशत रहेको पाईयो ।

### ४.१७ थातथलोमा उत्तरदाताको खाद्यान्नको अवस्था

अध्ययन क्षेत्रमा बसाईसराई गरेका ब्यक्तिहरूको थातथलोामा भएको खाद्यान्नको अवस्थालाई तलको तालिका बमोजिम ब्याख्या र बिश्लेषण गरिएको छ ।

**तालिका नं. १७**

**थातथलोमा उत्तरदाताको खाद्यान्नको अवस्था**

| सि.नं. | खाद्यान्नको अवस्था | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामान्य (१२ महिना खान पुग्ने) | ३४ | ६८ |
| २ | पर्याप्त (खान पुगेरपनि धेरै हुने) | ६ | १२ |
| ३ | अपुग (१२ महिना खान नपुग्ने) | १० | २० |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययन अनुसार थातथलोबाट अध्ययन क्षेत्रमा बसाईसराई गरी बसोबास गरेका ५० घरधुरीका स्थानीय परिबारमा थातथलो क्षेत्र अर्थात ग्रामिण क्षेत्रमा भएको खाद्यान्नको अवस्थालाई लक्षित गरी बनाईएको प्रश्नावली अनुसार अध्ययन गर्दा थातथलोमा खाद्यान्नबाट आफ्नो आवश्यकता पुरा गर्ने सामान्य परिवार( १२ महिना खान पुग्ने ) ३४ घरपरिवार अर्थात् ६८ प्रतिशत, पर्याप्त (खान पुगेर पनि धेरै हुने) पुरा हुने ६ घरधुरी परिवार अर्थात १२ प्रतिशत र अपुग (१२ महिना खान नपुग) हुने १० घरधुरी परिवार अर्थात २० प्रतिशत भएको पाईयो ।

निष्कर्षमा यसबाट अन्य आवश्यकता बाहेक सामान्य खान पुग्ने खालको घरधुरी परिवार संख्या सवै भन्दा बढी अर्थात ६८ प्रतिशत रहेको पाईयो। जसबाट ग्रामीण क्षेत्रको खाद्य उत्पादनको अबस्था सामान्य खालको रहेको छ । ग्रामिण क्षेत्रमा हुने खाद्य उत्पादन सामान्य खालको भएको र शहरी क्षेत्रको खाद्य उत्पादन एकदमै उच्च भएको कारण शहरी क्षेत्रको बसाईसराईको आकर्षण उच्च अबस्थाको रहेको देखिन्छ।

## ४.१८ अध्ययन क्षेत्रमा बसाईसराईले पारेको सामाजिक प्रभाव

अध्ययन क्षेत्रमा आन्तरिक बसाईसराईले सामाजिक अवस्थामा के कस्तो प्रभाव पारेको छ भनी सोधिएको प्रश्नमा उत्तरदाताबाट आएको उत्तरलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १८**

**अध्ययन क्षेत्रमा बसाईसराईले पारेको सामाजिक प्रभाव**

| सि.नं. | प्रभाव | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साँस्कृतिक प्रभाब | १५ | ३० |
| २ | यौन छाडापन | १० | २० |
| ३ | बहुविबाह | ५ | १० |
| ४ | सम्बन्ध विच्छेद | १० | २० |
| ५ | पारिवारीक कलह | ४ | ८ |
| ६ | अन्य | ६ | १२ |
| जम्मा | | ५० | १०० |

(श्रोत : स्थलगत अध्ययन, २०७५)

यस अध्ययनको तथ्यांङ्क अनुसार अध्ययन क्षेत्रमा बसाईसराईको प्रभाव अनुसार साँस्कृतिक परिवर्तन वा प्रभावमा ३० प्रतिशत, यौन छाडापनमा २० प्रतिशत, बहुविबाहमा १० प्रतिशत, सम्बन्ध विच्छेदमा २० प्रतिशत, पारिवारीक कलहमा ८ प्रतिशत र अन्यमा १२ प्रतिशत घरधुरी परिवारमा प्रभाव पारेको पाईयो। यसरी अध्ययन गर्दा विश्व समुदायमा

देखिएको स्वतन्त्रता तथा साइबर संस्कृतिको प्रभावले यस्ता परिवर्तनहरूमा वृद्धि भएको हो भन्ने देखिन्छ ।

अध्ययन क्षेत्रमा बसाईसराईले पारेको सामाजिक प्रभावलाई हेर्दा खेरी अध्ययन क्षेत्रको उच्च जनचापले गर्दा ५० घरधुरी परिवारमा गरीएको सर्वेक्षणमा परम्परागत नेपाली संस्कृतीमा चाँही पश्चिमी संस्कृतीको प्रभावले ग्रसित भएको घरधुरी परिवार १५ (३० प्रतिशत) रहेको पाईयो । जसमा अध्ययन क्षेत्रमा मिश्रीत खालको सांस्कृतीक अबस्था रहेको पाईयो । त्यसैगरी बसाईसराईकै कारण बिभिन्न क्षेत्रका जनताहरूको यौन सम्बन्धका घटनाहरू दैनिक बढी रहेको देखिन्छ । जसले गर्दा समाजमा यौन छाडापन जन्य कृयाकलापले प्रभाव पारेको घरधुरी  १०(२०%) रहेको पाईयो ।

त्यसैगरी बसाईसराईकै कारण अध्ययन क्षेत्रमा बिभिन्न जिल्लाका ब्यक्तिहरूको सम्बन्धले गर्दा बहुबिवाहको प्रचलन बढ्दो रहेको पाईयो । त्यसैगरी शहरी जनजिवनको प्रभाव र पारीवारीक बेमेल जस्ता कारणले गर्दा सम्बन्ध बिच्छेदका घटनाहरूले पनि दिन प्रति दिन बृद्धि भईरेहेको पाईयो । त्यसैगरी अध्ययन क्षेत्रमा बसाईसराईकै कारणले गर्दा यी बिभिन्न प्रभाव लगायत अन्य खालका चोरी, डकैती, अपराध, बलात्कार, असुरक्षा लगायतका बिविध पक्षमा चाही प्रत्यक्ष र अप्रत्यक्ष रूपमा अध्ययन क्षेत्रमा सामाजिक रूपमा प्रभाव पारेको देखिन्छ ।

निष्कर्षमा बसाईसराईले अध्ययन क्षेत्रमा सामाजिक साँस्कृतिक परिवर्तनमा सवै भन्दा बढी १५ (३०%) घरधुरी लाई प्रभाव पारेको देखियो ।

# अध्याय पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

राम्रो सु-अवसरको चाहनाले गर्दा मानव सभ्यता सुरु हुनु भन्दा पहिले देखी नै मानिसले एक ठाँउबाट अर्को ठाँउमा जाने क्रम गरेका थिए। बसाईसराई गर्नुको एक मुख्य पक्ष मानव जीवनले आफ्नो जीवनको आर्थिक तथा सामाजिक पक्षलाई उन्नति गर्नु हो। नेपालीहरूको एक ठाँउबाट अर्को ठाँउमा गई बसाईसराई गर्ने क्रममा तिव्रता आएको छ। हालको समयमा सरकारको सामु बसाईसराईको समस्या एक चुनौतीको रूपमा खडा भएको छ। साधारणतया नेपालीहरू हिमालबाट पहाडमा, पहाडबाट तराईमा, एक गाँउबाट अर्को गाँउमा, गाँउबाट शहरमा र सानो शहरबाट ठुलो शहरमा बसाईसराई गर्ने गरेको पाईन्छ। यस प्रकारको एक ठाँउबाट अर्को ठाँउमा सर्ने कार्यले एक खालको समस्या खडा भएको छ।

नेपालको सर्न्दभमा विगतमा राणा प्रशासनको पालामा पनि नेपालको पहाडी क्षेत्र र भारतको सिमा क्षेत्रका बासिन्दालाई तराईमा बसोबास गराएका थिए। औलो उन्मुलन तथा तराईमा बसोबासको योजना तर्जुमा गरेपछी तराईमा बसोबासको प्रकृयाको सुरुवात भयो। त्यसै गरी नेपालमा विभिन्न तिब्बती र भुटानी शरणार्थी, भारतको दार्जिलिङ्ग र सिक्कीममा पनि नेपालीहरू बसाईसराईको रूपमा बसोबास गरे। र पछि हालको समयमा यो समस्याको रूपमा रहेको छ।

यसैगरी हालको समयमा सुर्खेत जिल्ला वि.न.न.पा १० दिपनगर टोलमा पनि विभिन्न मौलिक जिल्लाहरूबाट विभिन्न आशा र उद्देश्यका साथ बसाईसराई गरी आउनेको थलो बनेको छ। अर्थात अध्ययन क्षेत्र पनि बसाईसराई गर्नेहरूका लागि आकर्षणको केन्द्र बनेको छ। त्यसैगरी सुर्खेत जिल्ला एउटा क्षेत्रगत हिसावले पनि वरिपरिका जिल्लाहरूको क्षेत्रीय सदरमुकाम भएको र हालको अबस्थामा पनि संघिय राज्यको अवधारणामा प्रदेश नं. ६ को राजधानीको रूपमा छनौट भए पश्चात झनै विभिन्न सामाजिक सांस्कृतिक आर्थीक शैक्षिक लगायतका सेवा सुविधाको प्राप्तीका लागि महत्वपुर्ण क्षेत्रको रूपमा हेरिएको छ।

प्रस्तुत अध्ययनको उद्देश्यमा अध्ययन क्षेत्रका मानिसहरूको सामाजिक, सांस्कृतिक, आर्थिक, रूपमा बृहत अध्ययन गरी बसाईसराईको वी.न.न.पा.१० मा भएको आन्तरिक बसाईसराईको वर्तमान अवस्थालाई पत्ता लगाउनु , त्यसैगरी अध्ययन क्षेत्रमा मौलीक जिल्लाहरूबाट तिव्र रूपमा बसाईसराई गर्नुका कारणहरू साथै अध्ययन क्षेत्रमा उक्त खालको आन्तरिक बसाईसराईले पारेको प्रभावको बारेमा विश्लेषण गर्न यस अध्ययन सर्वेक्षणलाई पूर्णता बनाउनका लागि वर्णनात्मक अनुसन्धान ढाँचाको साथै संख्यात्मक तथ्याङ्कको प्रयोग गरिएको छ ।

यस अध्ययन क्षेत्रमा गई बृहत् रूपमा अध्ययन तथा अनुसन्धान गर्दा खेरी हालको अवस्थामा यस वी.न.न.पा.१० दिपनगर टोलमा विभिन्न वरिपरिका छिमेकी थातथलोबाट विभिन्न उद्देश्य र सेवा सुविधा प्राप्तीका उद्देश्यले बसाईसराई गर्ने क्रम एक दमै तिव्र रूपमा देखियो ।

यस क्षेत्रमा विभिन्न वरिपरीका थातथलोबाट बसाईसराई गर्नुका कारणहरूमा बसाईसराई सम्बन्धी सिद्धान्त आकर्षण र विकर्षणका तत्वहरू एकदमै महत्वपूर्ण छन् । जस अर्न्तगत विकर्षणहरू मध्ये ग्रामिण मौलिक जिल्लाहरूमा सामाजिक, सांस्कृतिक, आर्थिक, मानविय हरेक कुरामा उच्च समस्या भएको देखियो । उक्त जिल्लाहरूमा मानिसहरू हरेक सेवा सुविधाबाट एकदमै टाढा अर्थात उक्त क्षेत्रका जनताले प्रमुख रूपमा खाद्यान्न, रोजगार, शिक्षा, स्वास्थ्य, संञ्चार, आवास, यातायात, भौगोलिक अवस्था, भुमिको अभाव, आर्थिक, राजनीतिक, लगायत हरेक कुराले ग्रामिण क्षेत्र अर्थात मौलिक जिल्लाहरूमा एकदमै समस्या देखिएको हुदा उक्त विभिन्न खालको विकर्षणको कारण उक्त क्षेत्रबाट ठुलो उद्देश्य र सेवा सुविधाको प्राप्तीको आशामा मौलिक वा ग्रामिण क्षेत्र छोड्नु परेको कारण देखियो ।

त्यसै गरी मानव जिवनलाई बसाईसराई गर्न बाध्य पार्ने अर्को तत्व आकर्षण पनि रहेको छ । जस अर्न्तरगत अध्ययन क्षेत्रमा गरीएको अध्ययनबाट उक्त क्षेत्रका मानिसहरूले दिएको उत्तरबाट ग्रामिण वा मौलिक जिल्लाको जनजिवन एकदमै दयनीय र कमजोर खालको रहेको कारण अली विकसित क्षेत्र जसमध्ये वी.न.न.पा.१० दिपनगर टोल सुर्खेतमा पनि बसाईसराईको लागि आकर्षणका तत्त्वहरूमा शहरी क्षेत्रमा हुने प्रशस्त रोजगारीको संम्भावना, औधोगिकरण, यातायातको सुविधा, खानेपानीको सुविधा, सामाजिक, सांस्कृतिक आर्थिक सुधार ,शिक्षा, स्वास्थ्य, संञ्चारमा प्रशस्त सेवा सुविधा प्राप्ती, प्रशस्त खाद्यान्नको

अवस्था, उच्च शिक्षाको प्राप्ती, बाल बच्चाको राम्रो शिक्षा, स्वास्थ्यको लागी अस्पतालको सुविधा, आदी आकर्षण तत्त्वहरू मुख्य रूपमा देखियो । यसै गरी यी विविध सेवा सुविधाका कारणले गर्दा गरिएको बसाईसराईको कारण वर्तमान समयमा र भविष्यमा यस क्षेत्रमा भएको उच्च जनसङ्ख्या बृद्धिले गर्दा बिभिन्न खालका प्रभावहरू, असरहरू देखा पर्ने जसले मानविय जनजिवनमा प्रशस्त समस्याहरू श्रृजना गर्ने प्रभाव पार्ने देखिन्छ ।

अध्ययन क्षेत्र वी.न.न.पा.१० दिपनगर टोलमा बृहत रूपमा गहन अध्ययन गर्ने क्रममा वर्णनात्मक अनुसन्धान ढाँचाको साथै संख्यात्मक तथ्यांङ्कहरूको प्रयोग गरीएको छ ।यसै गरी अध्ययन क्षेत्र बि.न.न.पा.१० दिपनगर टोलमा बसोबास गर्ने जम्मा घरधुरी परिवार ५०४ घरधुरीको १० प्रतिशत अर्थात ५० घरधुरीमा विगत ५ वर्ष भित्र बसोबास गरेका विभिन्न जातजाती, विभिन्न जिल्लागत बसाईसराई, महिला पुरुष, सामाजिक धार्मिक आर्थिक ( अनियमित) खालको उद्देश्य मुलक नमुना छनौट विधिको प्रयोग गरी नमुना छनौट गरीएको छ। अन्तरवार्ता सूचिको माध्यमद्धारा आमनेसामने अन्तरवार्ता सुचिका आधारमा सोधपुछ गरी तथ्याङ्क संकलन गरीएको छ। आवश्यकताअनुसार तथ्याङ्क शास्त्रीय विधी, गणीतिय विधीबाट हिसाव निकाली तथ्याङ्कलाई विभिन्न शिर्षक उप शीर्षकहरूमा विभाजन गरी तालिका, स्तम्भ चित्र, पाई चार्ट को माध्यमद्धारा सरल सहज र बुझ्न सकिने गरी तथ्याङ्क निकाली व्याख्या विश्लेषणको निम्नानुसारको प्राप्ती निकालिएको छ ।

विभिन्न जिल्लागत बसाईसराईलाई हेर्दा दैलेख जिल्ला बाट ३०%, जुम्ला बाट २०%, कालिकोटबाट १२%, सुर्खेतकै विभिन्न गा.वि.स.हरूबाट १०%, मुगु बाट ८% र अन्य रुकुम, रोल्पा, डोल्पा, बांके, बर्दिया, दाङ्ग र प्युठानबाट गरी समग्रमा २०% बसाईसराई गरेको पाईयो । जसमध्ये दैलेख जिल्लाबाट सवै भन्दा बढी ३०% घरधुरी परिवार बसाईसराई गरेको पाईयो । विभिन्न सेवा सुविधा प्राप्तीलाई हेर्दा बसाईसराईको कारणमा सेवा सुविधा खोजिका लागि बसाईसराई गर्ने ६०%, रोजगारी प्राप्तीका लागी २४%, र अन्य विभिन्न कारणले १६% घरधुरीले बसाईसराई गर्ने गरिएको पाईयो । जसमध्ये सवै भन्दा बढी सेवा सुविधा प्राप्तीको लागि बसाईसराई गर्ने ६०% घरपरिवार संख्या देखियो। उमेर र लिङ्गको आधारमा बसाईसराईको अवस्थामा ०-१४ वर्ष सम्मका व्यक्तिहरूमा महिला १२% र पुरुष १६% गरी जम्मा २८%, १५-५९ वर्ष उमेरका महिला २८% र पुरुष ३६% गरी जम्मा ६४% र ६० वर्ष माथिका महिला ४% र पुरुष ४% गरी जम्मा ८% घरधुरी परिवार बसाईसराई गर्ने गरीएको

पाईयो। यसबाट १५-५९ वर्ष उमेरका महिला र पुरुष सवै भन्दा बढी अर्थात ६४% बसाईसराई गर्ने गरीएको पाईयो। परिवारको प्रकारको आधारमा बसाईसराई गर्नेमा एकल परिवार ६०%, संयुक्त परिवार ४०% घरधुरी परिवार बसाईसराई गर्ने गरेको पाईयो। जसमा एकल परिवार सवै भन्दा बढी ६०% बसाईसराई गर्ने गरेको पाईयो।

विभिन्न जातजातिको आधारमा बसाईसराई गर्नेमा पहिलो क्षेत्री ४४% घरधुरी परिवार, दोश्रोमा ब्रह्मण २०% घरधुरी, तेस्रोमा ठकुरी १०%, नेवार ६%, , मगर ६%, थारु ४%, दलित १०% घरधुरी परिवार बसाईसराई गरेको पाईयो। जसमध्ये क्षेत्री जातिसवै भन्दा बढी ४४% घरधुरी बसाईसराई गरेको पाईयो। मासिक आम्दानीको आधारमा हुने बसाईसराईलाई हेर्दा ५०००-९००० रूपैया सम्म मासिक आम्दानी गर्ने ५६% घरधुरी, २०००-५००० मासिक आम्दानी गर्ने २८% घरधुरी, १०००-२००० मासिक आम्दानी गर्ने १०% र १००० भन्दा मुनी मासिक आम्दानी गर्ने ६% घरधुरी परिवार पाईयो।

जसमध्ये सवैभन्दा बढी मासिक ५०००-९००० रूपैया सम्म आम्दानी गर्ने ५६% घरधुरी संख्या पाईयो। थातथलो जिल्लाको जग्गाको आधार सम्बन्धलाई हेर्दा १-५ रोपनी सम्म जग्गा हुने ३०%, ५-१० रोपनी हुने ६०%, र १० रोपनी भन्दा बढी जमिन हुने १०% घरधुरी परिवार पाईयो। जसमध्ये सवै भन्दा बढी ५-१० रोपनी हुने ६०% घरधुरी परिवार पाईयो। नातेदारीको आधारमा थातथलोसँग सम्बन्ध हुनेको आधारमा आमा बाबु तथा दाजु भाई हुने ३०% घरधुरी परिवार, दाई भाई मात्र हुने ५०% र कोहि पनि नभएको २०% घरधुरी संख्या पाईयो।

जसमध्ये सवै भन्दा बढी दाई भाई मात्र हुने ५०% घरधुरी परिवार पाईयो। अध्ययन क्षेत्रमा बसाईसराई गरेका व्यक्तिहरूको पेसामा नोकरी वा रोजगारीमा ३६%, घरधुरी परिवार, व्यापारमा २०%, कृषिमा १४% श्रमिकमा २०% र अन्यमा १०% घरधुरी संख्या रहेको छ। जसमध्ये नोकरी वा रोजगारीमा सवै भन्दा बढी ३६% घरधुरी संख्या रहेको पाईयो। अध्ययन क्षेत्रमा रहेका व्यक्तिहरूको शैक्षिक अवस्थालाई हेर्दा एस.एल.सि. देखी तल ४४% घरधुरी, एस.एल.सि. गरेका २८%, प्रमाण पत्र तह २०%, र स्नातक तह माथि ८% घरधुरी संख्या रहेको छ।

जसमध्ये बसाईसराई पश्चात शिक्षाको स्तरमा एस.एल.सि.देखी तल सवै भन्दा बढी ४४% घरधुरी परिवार रहेको पाईयो । थातथलोबाट बसाईसराई गर्नुका कारणहरूमा आर्थिकमा १७(३४%), सामाजिकमा १३(२६%), प्राकृतिकमा १(२%) असुरक्षितमा २(४%), अन्य आकर्षणमा १५(३०%) र अन्य कारणमा २(४%) घरधुरी परिवार संख्या रहेको छ ।

निष्कर्षमा आर्थिक कारण (रोजगारी, नोकरी) मा सवै भन्दा बढी १७(३४%), घरधुरी संख्या रहेको पाईयो ।

अध्ययन क्षेत्रमा पाएको सेवा सुविधालाई हेर्दा उच्च शिक्षामा १०% घरधुरी परिवार बच्चाको राम्रो स्कुलमा २४%, अस्पताल नर्सिङ्गहोमको सुविधामा १६%, राम्रो रोजगारमा ३०%, संञ्चारमा १०% र यातायातमा १०% घरधुरी संख्या रहेको छ । निष्कर्षमा सवै भन्दा बढी राम्रो रोजगारमा ३०% घरधुरी संख्या रहेको पाईयो । बसाईसराई सर्नेहरूको गाँउमा र शहरमा भएको आर्थिक ऋणको स्थितिलाई हेर्दा संस्था वा बैंकबाट ऋण लिने गाँउमा ३३.३३%, र शहरमा ८०%, पाईयो । साहु बाट ऋण लिनेमध्ये गाँउमा ६६.६७% र शहरमा २०% रहेको पाईयो । निष्कर्षमा मौलिक क्षेत्र भन्दा बसाईसराई पछी अध्ययन क्षेत्रमा ऋण लिनेको संख्या सवै भन्दा बढी संस्थाबाट ऋण लिने ८०% पाईयो ।

भविष्यमा थातथलो फर्कने वा नफर्कने ५० घरधुरीको अवस्थालाई हेर्दा फर्कनेमा ३०%, नफर्कनेमा ५६% र अनिश्चितमा १४% रहेको पाईयो । निष्कर्षमा  भविष्यमा नफर्कने संख्या सवै भन्दा बढी ५६% पाईयो । अध्ययन क्षेत्रमा बसाईसराई गरेका व्यक्तिको सामाजिक जीवनस्तरलाई हेर्दा उनीहरूको जिवनस्तर सामान्य बृद्धि भएकोमा ५६%, धेरै बृद्धि मा ३०% र कुनै पनि बृद्धि नभएकोमा १४% घरधुरी परिवार देखियो ।

निष्कर्षमा  सामान्य बृद्धि भएको सवै भन्दा बढी ५६% घरधुरी परिवार रहेको  पाईयो ।

थातथलोमा उत्तरदाताको खाद्यान्नको अवस्थालाई हेर्दा सामान्यमा ६८%, पर्याप्तमा १२% र अपुग हुनेमा २०% घरधुरी परिवार संख्या पाईयो । निष्कर्षमा सवै भन्दा बढी सामान्यमा ६८% घरधुरी परिवार रहेको पाईयो ।

अध्ययन क्षेत्रमा बसाईसराईले पारेको सामाजिक प्रभाव अर्न्तगत सांस्कृतिक प्रभावमा ३०%, यौन छाडापन २०%, बहुबिबाह १०%, सम्बन्ध विच्छेद २०%, पारिवारीक कलह ८% र

अन्यमा १२% घरधुरी परिवारलाई प्रभाव पारेको देखियो। निष्कर्षमा सवै भन्दा बढी साँस्कृतिक प्रभावमा ३०% घरधुरी परिवारलाई प्रभाव पारेको देखियो।

## ५.२ निष्कर्ष

हाम्रो देश नेपालमा हालको समयमा बसाईसराई महत्त्वपूर्ण मानवीय प्रबृतिको रूपमा एकदमै तिव्र र उच्च गतिमा चलायमान भईरहेको छ। यही गतिशिल मानविय प्रबृतिले गर्दा खेरी नै मानिस विभिन्न उद्देश्य र चाहनाका साथ विभिन्न स्थानहरूमा बसाईसराई गर्ने गर्दछ। मानिसहरू विभिन्न उद्देश्यले प्राय गरी थातथलो ग्रामिण क्षेत्रबाट अर्थात् हिमाल बाट पहाडमा, पहाड बाट तराईमा एक गाँउबाट अर्को गाँउमा, गाँउबाट शहरमा, साथै सानो शहरबाट ठुलो शहरमा त्यसैगरी एउटा राष्ट्र बाट अर्को राष्ट्रमा समेत माथिल्लो स्तरको जीवनयापन गर्नका लागि बसाईसराई गर्ने गर्दछन।

हालको समयमा हाम्रो देशको सन्दर्भमा पनि विभिन्न उद्देश्य, चाहना सेवा सुविधा प्राप्तीका लागि आन्तरिक बसाईसराई गर्ने क्रम एकदमै तिब्र गतिमा बृद्धि भैरहेको छ। यस्तो खालको बसाईसराई विशेष गरी दुर्गम क्षेत्रबाट शहरी वा विकसित क्षेत्रमा हुने गर्दछ। यहि शहरी क्षेत्रको आकर्षणले गर्दाखेरी शहरी क्षेत्रको जनघनत्व दिन प्रतिदिन एकदमै उच्च गतिमा बढिरहेको देखिन्छ।

यसै आन्तरिक बसाईसराईको अवस्था कारण र प्रभावलाई गहन रूपले अध्ययन एवं अनुसन्धान गर्नका लागि उद्देश्य अनुसार बसाईसराई सम्बन्धी विभिन्न पक्षहरूको अध्ययन गर्न वी.न.न.पा.१० दिपनगर टोल सुर्खेतको बारेमा विस्तृत रूपमा अध्ययन गर्न यस क्षेत्रलाई छनौट गरीएको छ। हालको समयमा यस क्षेत्रको बसाईसराईको मुख्य क्षेत्र दिपनगर टोलको कुल घरधुरी संख्या ५०४ को १०% अर्थात समग्रताको १०% अर्थात ५० घरधुरीलाई दैविक नमुना छनौट विधी द्धारा छनौट गरी अध्ययन गरिएको छ।

अध्ययन बाट प्राप्त नतिजा तथा जानकारीलाई हेर्दा खेरी ५० घरधुरीमध्ये विगत ५ वर्ष भित्र विभिन्न मौलिक जिल्ला बाट अध्ययन क्षेत्रमा बसाईसराई गर्नेहरूमा पहिलोमा दैलेख बाट ३०% दोश्रोमा जुम्लाबाट २०%, तेस्रोमा कालिकोटबाट १२%, सुर्खेतकै विभिन्न गा.वि.स.हरूबाट १०%, मुगू बाट ६%, र अन्य जिल्लाहरू बाट समग्रमा २०% घरधुरी परिवार बसाईसराई गरेको पाईयो। यसरी निष्कर्षमा अध्ययन क्षेत्रमा सवै भन्दा बढी

दैलेखबाट ३०% घरधुरी परिवार बसाईसराई गरेको पाईयो । यसैगरी विभिन्न जिल्लाबाट अध्ययन क्षेत्रमा बसाईसराई गर्नुको कारण यी जिल्लाहरूमा विकासका दृष्टिले पछाडि परेको, खाद्य पदार्थको अभाव, राजनैतिक संक्रमण, राजनैतिक अस्थिरता, यातायात शिक्षा स्वास्थ्य संञ्चार लगायत विविध कारणहरू रहेको पाईयो । यसरी निष्कर्षमा अध्ययन क्षेत्रमा भएको सुविधाको कारण नै मुख्य रहेको स्पष्ट हुन्छ। त्यसैगरी आर्थिक अभाव, खाद्य अभाव, राजनैतिक हिंसालाई पनि बासाईसराईको कारकको रूपमा लिईएको छ। अध्ययन क्षेत्रमा ५ वर्ष भन्दा पहिले बसाईसराई गरेका मध्ये धेरै जसो राजनैतिक हिंसाको कारण दैलेख, जुम्ला कालिकोटबाट बढी बसाईसराई गरेको पाईयो ।

बसाईसराईको मुख्य कारणमा ५० घरधुरीमा गरीएको सर्वेक्षणमा सेवा सुविधा खोजिका लागि ६०%, विभिन्न रोजगारीका लागि २४%, अन्य कारण (विबाह, नाता गोता) मा १६% घरधुरीले बसाईसराई गरेको पाईयो । त्यसैगरी लिङ्ग र उमेरका आधारमा बसाईसराई गर्ने मध्ये ०-१४ वर्ष सम्मका महिला र पुरुष गरी २८%, १५-५९ वर्षका ६४% र ६० वर्ष माथिका ८% घरधुरी परिवार बसाईसराई गरेको पाईयो । त्यसै गरी ६० वर्ष माथिका जेष्ठ नागरीकले कम बसाईसराई गरेको पाईयो। बसाईसराई गर्ने परिवारमा एकल परिवारहरू बढी बसाईसराई गरेको पाईयो। त्यसैगरी जातजातिय बसाईसराई गर्नेमा पहिलो क्षेत्री, दोश्रोमा ब्रह्मण तेश्रो ठकुरी र अन्य जातजातिले कम बसाईसराई गरेको पाईयो। बसाईसराई गरेका व्यक्तिहरूको पेसाअर्न्तगत नोकरी व्यापार, कृषिमा बढी पाईयो। थातथलोको स्थितिलाई हेर्दा खाद्यपदार्थ उत्पादन सामान्य अवस्थाको पाईयो। थातथलो फर्कने सोच भएका घरधुरी संख्या न्यून पाईयो। ऋणको आधारमा शहरमा संस्थाबाट धेरै ऋण लिने प्रबृति देखियो। बसाईसराई पछी जीवन परिवर्तन संख्या सामान्य पाईयो ।

अत्याधिक बसाईसराई वी.न.न.पा.१० दिपनगर टोलमा गर्नेहरूमा अध्ययन क्षेत्रमा प्राप्त हुने अवसर तथा आकर्षणका कारण नै हुने भए तापनि बसाईसराई गर्नेहरू खास गरी सुविधा प्राप्ती र रोजगारीको लागि बढी भएको देखिन्छ। त्यसैगरी बाल बच्चाको राम्रो शिक्षा तथा स्वास्थ्य उपचारको आकर्षणले पनि बसाईसराई गरेको पाईन्छ। बसाईसराई सर्नेमा अर्को कारकतत्त्व मा थातथलो क्षेत्र गाँउमा भएका हरेक आर्थिक सामाजिक, सांस्कृतिक अभाव रोजगारीको समस्या र न्युन आम्दानी भएको अध्ययन बाट प्रष्ट हुन्छ ।

यसैगरी खेती योग्य जमिन पुरै बस्तीमा परिवर्तन हुने अवस्था जनसङ्ख्या अनियन्त्रित र प्राकृतिक श्रोतहरूको अभावले गर्दा अध्ययन क्षेत्रमा असंन्तुलित अवस्था श्रृजना हुने देखिएकोले यस्तो खालको आन्तरिक बसाईसराईलाई क्रमिक रूपमा नियन्त्रण गर्दै निरुत्साहित गर्नुपर्ने देखिन्छ ।

यस अध्ययनका क्रममा भेटिएका बसाईसराई सम्बन्धी अवस्था, कारण र प्रभावलाई समाधान गर्नका लागी सम्बन्धित निकायहरूले गर्नैपर्ने केहि काम, कर्तव्यहरूलाई सुझावको रूपमा बुँदागत रूपमा तल उल्लेख गरिएको छ। थातथलोबाट हुने आन्तरिक बसाईसराईलाई रोक्नका लागि हरेक सक्रिय नागरिकलाई रोजगारीको अवसर दिलाउने निती निर्माण गरिनु आवश्यक देखिन्छ। थातथलो क्षेत्रमा रहेका बेरोजगार युवाहरूलाई विभिन्न सीपमूलक तालिमहरू प्रदान गरी उक्त क्षेत्रमा उद्योग धन्दाहरू निर्माण गरी व्यवसायीकरण गर्नमा जोड दिने सरकारको नीती निर्माण गरीनु पर्दछ। थातथलो क्षेत्रमा न्युन आयस्तर भएका परिवारलाई आयस्तर बृद्धि गर्न उक्त क्षेत्रमा खेती योग्य जमिनको व्यवस्था गरीदिने नीती अवलम्बन गर्नु पर्ने देखिन्छ। देशका विभिन्न क्षेत्रमा विकासका पुर्वाधार पुग्ने गरी योजना निर्माण गरिनु पर्दछ। जसले अविकसित ठाँउबाट विकसित ठाँउमा बसाईसराईको क्रमलाई घटाउन सकिन्छ ।

हरेक जिल्ला क्षेत्रमा शिक्षा, स्वास्थ्य, संञ्चार र यातायात को प्रशस्त विकास गरी ग्रामिण क्षेत्रका जनताहरूलाई उक्त क्षेत्रमा प्रशस्त सेवा सुविधा प्रदान गर्न सकेमा बसाईसराईको दर कम गर्न सकिन्छ। हरेक जिल्लाहरूमा बाल बच्चाको शिक्षाको लागि उपयुक्त आवश्यक विद्यालय, विश्वविद्यालयहरू आवश्यक मात्रामा स्थापना तथा संचालनमा सरकारी पक्षबाट ध्यान दिई शैक्षिक आवश्यकताको लागि हुने आन्तरिक बसाईसराईलाई कम गर्न सकिन्छ ।

पहाडी र हिमाली जिल्लाको बसाईसराईलाई रोक्नका लागी नेपालका १० ठुला शहरको स्थापना तथा निर्माणको अवधारणालाई समयमा सु सम्पन्न गरी उक्त क्षेत्रमा रहेका जनतालाई शहरी जनजीवनको सेवा सुबिधा प्रदान गरी भविष्यमा हुने तिव्र बसाईसराईलाई कम गर्न सकिन्छ। बसाईसराई भईसकेको क्षेत्रमा तिव्र जनसङ्ख्या बृद्धिले गर्दा मानविय जनजीवन अस्त व्यस्त हुने हुँदा उपलब्ध भएका आर्थिक श्रोत सवैमा वितरण गर्नुका साथै खानेपानी, विद्युत, स्वास्थ्य जस्ता सुविधाहरूको राम्रो तवरबाट वितरण गर्नका लागि सम्बन्धित निकायले ध्यान दिईरहनु पर्ने देखिन्छ। अध्ययन क्षेत्रमा बसाईसराई गरी आउने

व्यक्तिहरूले ठुलो संख्यामा घर निर्माण कार्य भईरहेको जसले गर्दा अध्ययन क्षेत्रमा खेति योग्य जमिनमा विना योजना जथाभावी तरिकाले घर निर्माण कार्यले नराम्रो असर गर्दछ। यस्तो कार्यलाई वेलैमा नीति नियम बनाई व्यवस्थित बाहेक जथाभावी घर निर्माण कार्य रोक्नु पर्दछ। अध्ययन क्षेत्रमा भएको जनसङ्ख्या बृद्धि र पश्चिमी संस्कृतिको प्रभावले गर्दा हुने मानविय समस्या र विभिन्न खालका सामाजिक अपराधहरूमा हुने तिव्र बृद्धिलाई रोक्नका लागि र समाजमा सु-शासन कायम गर्न सरकारी र गैरसरकारी संघ संगठनहरूलाई नीति नियम बनाई परिचालन गरी सामाजिक अपराध र बेरोजगारी समस्यालाई कम गर्न सकिन्छ। अध्ययन क्षेत्रमा भएको तिव्र जनचापले गर्दा महंङ्गी, सेवा सुविधा, रोजगार र जल बायु परिवर्तन जस्ता विविध पक्षमा सम्बन्धित निकायले समयमा ध्यान दिएर उक्त स्थितिलाई नियन्त्रण गरी मानविय जनजीवन सरल र सहज बनाउनु पर्ने हुन्छ। आन्तरिक बसाईसराईले परिवारको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा सुधार गर्नका लागि समयमै सम्बन्धित निकायले विभिन्न जानकारी र चेतना मुलक कार्यक्रमहरू तयार गरी लागु गर्नु पर्दछ।

# सन्दर्भ सामाग्रीहरू


उप्रेती, एस. (१९९५), *काठमाडौं महानगरपालिकामा आन्तरिक बसाईसराईको नमुना,* स्नातकोत्तर शोधपत्र लेखन, केन्द्रिय जनसंख्या अध्ययन विभाग टि.यु. किर्तिपुर, नेपाल ।

काफ्ले, रामेश्वर (२०६५), *जनसख्याशिक्षाको आधार,* बि.एड. प्रथमवर्ष काठमाण्डौ : जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

काफ्ले, रामेश्वर (२०६७), *जनसङ्ख्याशिक्षाको आधार,*बी.एड. प्रथमवर्ष, काठमाडौ : जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिव्यूटर्स ।

केन्द्रीय तथ्याङ्क विभाग (२००३), *नेपालको राष्ट्रिय जनगणना भाग - २,* युनियन प्रेश प्रा.लि. काठमाडौं ।

................. (२०६८), *नेपालको राष्ट्रिय जनगणना २०६८,* काठमाण्डौ : केन्द्रियतथ्याङ्क विभाग

के.सी.,बालकुमार (१९८५), *नेपालमा गाँउबाट शहरी क्षेत्रमा बसाईसराईको प्रचलन ढाँचा र तात्पर्य,* एसिया अध्ययन प्रकाशन श्रेणी नं. १३८ (बैंङ्कक ESCAP).

गुरुङ्ग, एच.वि. (१९८३), *नेपालमा बसाईसराईका क्षेत्रिय ढाँचाहरु,* (ईष्ट वैष्ट पपुलेशन ईन्सिच्युट नं.११३), होनोलुलु, ईष्ट वैष्ट सेन्टर ।

थापा, नवराज (२०६७), *जनसंख्याको गतिशिलता,* साई पुस्तक भण्डार काठमाण्डौं ।

थापा, नवराज (२०६८), *जनसङ्ख्याको आधार,* काठमाडौं : प्रशान्ति प्रकाशन ।

दाहाल, राई र अन्य (सन् १९७७), *नेपाली समाज र संस्कृति,* काठमाडौ : हिसि अफसेट प्रिन्टर्स प्रा.लि.जमल ।

बास्तोला, जि.पि. (२००८), *नेपालमा आन्तरिक बसाईसराई पोखरा उ.म.न.पा.को एक अध्ययन,* स्नातकोत्तर तह शोधपत्र केन्द्रिय जनसंख्या विभाग टि.यु. किर्तिपुर, ।

भण्डारी, विद्या (२०५८), *बसाईसराई सम्बन्धीचावहिल क्षेत्रको एक अध्ययन,* स्नातकोत्तर तह शोधपत्र लेखन केन्द्रिय समाजशास्त्र विभाग टि.यु. किर्तिपुर, नेपाल ।

स्वास्थ्य तथा जनसंख्या मंन्त्रालय (२०६७), *जनसंख्या सम्बन्धी दिर्घकालिन योजना* रामशाहपथ काठमाण्डौ, नेपाल ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (२०६९), *नेपालको जनसंख्या प्रतिवेदन २०६८,* काठमाण्डौ : केन्द्रिय तथ्याङ्क विभाग ।

ज्ञवाली, बाबुराम र मिनराजपौडेल (२०६७), *जनसंख्या शिक्षा र दर्शन* ,काठमाण्डौं : जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर्स ।

ज्ञवाली, दामोदर (२०६४), *जनसंख्याशिक्षा, सिद्धान्त र दर्शन* , काठमाण्डौं : जुपिटर पब्लिकेशन एण्ड डिस्ट्रिब्युटर्स ।

Burge, M.D.(1959), *Population theory*. John Bili and sons Publication ,Newyork.

Community & Development Assocation[CEDA](1973), *Migration in Nepal,* Implication Of Spatual Development Kathmandu :Author :Retrived On July 1,2014 . Internal MIgration, WWW.*Google.com.*

Jha. A.K.(2011), *Flood Migration and Governance In India*, Kalyani Publication New Delhi.

Lee (1966), *7 Theories of Migration*.Demography,Vol 3, PP 428-445.

NPC (1988), *Migration statistics from Demographic sample survey* , 1966-97, Kathmandu.

Revenstein, E.G. (1885 ), *The law of migration, journal of the Royal statistical society* ,vol 48 pp. 176-235 .

United Nations[UN] (1990), *Methods Of Measuring Internal migration*. Manual of Population Studies, P.117. New York, USA: UN.